# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १२ | अंक ३४४ | काठमाडौं | सोमबार, ३० चैत २०८२ | Prabhab National Daily | Monday, 13 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# संवैधानिक विभेद, अंकुश र सिण्डिकेट अस्वीकार्य !

??????????????????????????????????????

# सूचना केका लागि ?

नागरिक सुसूचित हुन के एउटा सञ्चारमाध्यम मात्र पर्याप्त छ ?

पाठक–श्रोतावर्ग विभिन्न सञ्चारमाध्यमबाट सूचना पाएर सन्तुष्ट हुन्छन्, तर सरकारी सूचनाका लागि सरकारी सञ्चारमाध्यमकै मात्र भर पर्ने बनाउनु उनीहरुको अधिकार खोस्नुसरह होइन र ?

समाचारका स्रोत फरक–फरक भए पनि सूचना र विज्ञापनको स्रोत एउटै हुनुपर्ने नीति सही हो ?

घरभित्र चोर पसेमा चोरलाई भित्रै थुनेर आगो लगाउने कि चोर समातेर कानुनी उपचार गर्ने ?

सरकारी सूचना, सरकारी ठेक्कापट्टाका सबै बोलपत्र सरकारी सञ्चारमाध्यममा मात्र प्रेषित गरी आफ्ना ठेकेदार र सीमित वर्गलाई मात्र पोषण गर्न खोजेको हो कि भन्ने प्रश्न र भाष्य खडा भएको छैन र ?

संविधानले जनताको सुसूचित हुने अधिकार सुनिश्चित गरेको भए पनि सरकारी सूचनाका हकमा सञ्चारमाध्यममा सरकारी र गैरसरकारी भन्ने विभेदले संविधानप्रदत्त अधिकार हनन भएन र ?

अहिले गरिएको विभेदले यो सरकारको गैरसरकारी सञ्चारमाध्यमलाई आर्थिक बहिष्करणमा पार्ने नीतिले प्रेस स्वतन्त्रतालाई नै सङ्कुचित बनाउन खोजेको होइन र ?

नयाँ पुस्ताले भ्रष्टाचार निर्मूल पार्न र भ्रष्टाचारीलाई कारबाही गर्न आफ्नो मत दिएर बहुमत प्रदान गरेको सरकारले भ्रष्टाचार गर्नेलाई कारबाही गर्नुको साटो यो बन्देज लगाउनु कतिको सही कदम हो ?

सरकारी विज्ञापन र सूचना निषेधबाट निजी मिडियाको सङ्कुचनले मुद्रण व्यवसाय, कुरियर व्यवसाय, हकर व्यवसाय, आन्तरिक रोजगारी र भावी पुस्ताको पत्रकारिताको अध्ययन–अध्यापनलाई समेत अवरुद्ध गर्दैन र ?

(सरकारी सूचना र विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशित र प्रेषित गर्ने-गराउने नयाँ सरकारको नीतिविरुद्ध निजी सञ्चारमाध्यमको संयुक्त प्रश्न ।)

# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail .com

वर्ष १२ | अंक ३४४ | काठमाडौं | सोमबार, ३० चैत २०८२ | Prabhab National Daily | Monday, 13 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |–


## विशेष सम्पादकीय

### लोकतन्त्रको घाँटी निमोठ्ने 'विज्ञापन सिण्डिकेट' खारेज गर

सरकारी विज्ञापन र सूचनाहरु केवल सरकारी स्वामित्वका सञ्चार माध्यमलाई मात्र उपलब्ध गराउने सरकारको पछिल्लो निर्णय सतही रुपमा एक प्रशासनिक व्यवस्थाजस्तो देखिए पनि यसको भित्री मनसाय र प्रभाव निकै भयावह छ । यो कदमले केवल निजी सञ्चार माध्यमको आयस्रोतमा मात्र धक्का पुऱ्याएको छैन, बरू लोकतन्त्रको चौथो अंग मानिने प्रेसको स्वतन्त्रता र नागरिकको सूचनाको हकमाथि नै गम्भीर धावा बोलेको छ ।

सञ्चारमाध्यमका लागि विज्ञापन केवल आम्दानीको स्रोतमात्र होइन, यो स्वतन्त्र अस्तित्वको मेरूदण्ड पनि हो । विशेषगरी कोभिड–१९ र त्यसपछिको आर्थिक मन्दीले थलिएको नेपाली मिडिया जगत्का लागि राज्यको यो निर्णय 'मरेकालाई थप प्रहार' सरह भएको छ । साना र मध्यम लगानीका सञ्चार गृहहरु यसै पनि अस्तित्वको लडाइँ लडिरहेका बेला, राज्यले आफ्ना सूचना र विज्ञापनमा 'सिण्डिकेट' लगाउनुले हजारौंको रोजगारी खोस्ने र सञ्चार क्षेत्रलाई संकुचित बनाउने निश्चित छ ।

कुनै पनि लोकतान्त्रिक मुलुकमा राज्यले आफ्नै सञ्चारमाध्यमलाई मात्र संरक्षण गर्नु र निजी क्षेत्रलाई पाखा लगाउनु स्वस्थ प्रतिस्पर्धाको सिद्धान्तविपरीत हो । सरकारी मिडियालाई कृत्रिम रुपमा बलियो बनाउने नाममा स्वतन्त्र मिडियालाई कमजोर पार्नुको अर्थ सरकार आफ्नो आलोचना सुन्न तयार छैन भन्ने नै हो । प्रत्यक्ष रुपमा प्रेसमाथि प्रतिबन्ध लगाउन नसक्ने भएपछि आर्थिक स्रोतको घाँटी थिचेर मिडियालाई नियन्त्रण गर्न खोज्नु अधिनायकवादी शैली हो । के स्वस्थ प्रतिस्पर्धाविना गुणस्तरीय पत्रकारिता सम्भव छ ? के राज्यको गुणगान गाउने माध्यमहरु मात्रै लोकतन्त्रका आधार हुन् ? सरकारले यी प्रश्नहरुको उत्तर दिनैपर्छ ।

नेपालको संविधान र अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरुले सूचनाको बहुलवाद र प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरेका छन् । युनेस्कोले अंगीकार गरेको मिडिया बहुलवादको सिद्धान्तले राज्यलाई सूचना प्रवाहमा निष्पक्ष र समावेशी बन्न निर्देशित गर्दछ । तर, वर्तमान सरकारको यो निर्णयले नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई मात्र गिज्याएको छैन, बरू देशको लोकतान्त्रिक छविमासमेत कालो धब्बा लगाएको छ ।

जब सूचनाहरु सरकारी नियन्त्रणमा खुम्चिन्छन्, तब समाजमा अफवाह र भ्रमले प्रश्रय पाउँछ । नागरिकले वैकल्पिक र विश्वसनीय सूचना नपाउँदा राज्य र जनताबीचको सम्बन्ध नै अविश्वासमा बदलिन्छ । त्यसैले, सरकारले यो अदूरदर्शी र नियन्त्रणमुखी निर्णय तत्काल फिर्ता लिनुपर्छ । विज्ञापन वितरणमा स्पष्ट मापदण्ड, पारदर्शिता र समानता कायम गर्दै सबै सञ्चारमाध्यमलाई समान अवसर प्रदान गर्नु नै लोकतन्त्रको सुन्दरता हो । सरकारले बुझ्नुपर्छ– प्रेसलाई कमजोर बनाएर लोकतन्त्र कहिल्यै बलियो हुन सक्दैन ।

# मन्त्रीहरूको सुन मोहः १६ मन्त्रीसँग ८०० तोला सुन, करोडौंको सेयर

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहसहित वर्तमान मन्त्रीमण्डलका १६ जना मन्त्रीसँग करिब ८०० तोला सुन रहेको पाइएको छ । आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरणअनुसार सबैभन्दा धेरै सुन शनिबारमात्र मन्त्रीमा नियुक्त भएकी उद्योगमन्त्री गौरीकुमारी यादवसँग देखिएको छ ।

उद्योगमन्त्री यादवसँग १८० तोला सुन रहेको सम्पत्ति विवरणमा उल्लेख छ । यसैगरी प्रधानमन्त्री शाहले आफ्नी श्रीमतीसँग सुनसहित विभिन्न गरगहना १९० तोला रहेको सम्पत्ति विवरणमा उल्लेख गरेका छन् । गृहमन्त्री सुधन गुरुङले आफूसँग ८९ तोला सुन रहेको विवरण खुलाएका छन् । यता अर्थमन्त्री स्वर्णिम वाग्लेसँग ४५ तोला, परराष्ट्रमन्त्री शिशिर खनालसँग २२ तोला, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठसँग १५ तोला सुन रहेको सम्पत्ति विवरणमा उल्लेख गरिएको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्सालसँग ३० तोला, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमसँग करिब १५ तोला, महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादीसँग १८ तोला, संघीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलसँग २५ तोला, स्वास्थ्यमन्त्री निशा मेहतासँग ३० तोला सुन देखिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलसँग २५ तोला, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवसँग ८० तोला सुन रहेको सम्पत्ति विवरणमा उल्लेख छ । आइतबारको मूल्यअनुसार मन्त्रीहरूसँग भएको सुनकोमात्र करिब २४ करोड रूपैयाँ हुन आउँछ ।

### प्रधानमन्त्री बालेनको कमाई सामाजिक सञ्जालबाट !

प्रधानमन्त्री शाहले आफ्ना बैंक मौज्दात एक करोड ४६ लाख रूपैयाँ रहेको सार्वजनिक गरेका छन् । आइतबार सार्वजनिक सम्पत्ति विवरणमा उक्त रकमको स्रोत फेसबुक, युटचुब, टिकटक, स्पोटिफाइ, आइटचुनलगायतका सामाजिक सञ्जाल रहेको खुलाइएको छ । प्रधानमन्त्री पत्नी सबिनाको गरहना नै १९० तोला रहेको सम्पत्ति विवरणमा उल्लेख छ । प्रधानमन्त्री शाहले जग्गा काठमाडौंमा पाँच आना र धनुषामा नौ बिघा रहेको उल्लेख गरेका छन् ।

| कुन मन्त्रीसँग कति सुन ? | |
|---|---|
| **वालेन्द्र शाह**, प्रधानमन्त्री | १९० तोला |
| **गौरीकुमारी यादव**, उद्योगमन्त्री | १८० तोला |
| **सुधन गुरुङ**, गृहमन्त्री | ८९ तोला |
| **रामजी यादव**, श्रममन्त्री | ८० तोला |
| **स्वर्णिम वाग्ले**, अर्थमन्त्री | ४५ तोला |
| **सुनिल लम्साल**, भौतिक पूर्वाधारमन्त्री | ३० तोला |
| **निशा मेहता**, स्वास्थ्यमन्त्री | ३० तोला |
| **सस्मित पोखरेल**, शिक्षामन्त्री | २५ तोला |
| **प्रतिभा रावल**, संघीय मामिलामन्त्री | २५ तोला |
| **शिशिर खनाल**, परराष्ट्रमन्त्री | २२ तोला |
| **विक्रम तिमिल्सिना**, सञ्चारमन्त्री | १९.५ तोला |
| **सीता वादी**, महिला बालबालिकामन्त्री | १८ तोला |
| **विराजभक्त श्रेष्ठ**, ऊर्जामन्त्री | १५ तोला |
| **सोबिता गौतम**, कानुनमन्त्री | १५ तोला |
| **खड्कराज पौडेल**, पर्यटनमन्त्री | ११ तोला |
| **गीता चौधरी**, कृषि मन्त्री | ५ तोला |

### अर्थमन्त्री वाग्लेको विभिन्न जिल्लामा अपार्टमेन्ट, घर र सम्पत्ति

अर्थमन्त्री स्वर्णिम वाग्लेको विभिन्न जिल्लामा घरघडेरी रहेको सम्पत्ति विवरणमा उल्लेख छ । वाग्लेको नाममा ललितपुरको सानेपामा अपार्टमेन्ट छ । एक हजार २८४ वर्गमिटरको उक्त अपार्टमेन्ट दुई करोड रूपैयाँ बराबरको हो ।

त्यस्तै ललितपुरको भैंसेपाटीमा चार आना तीन पैसा क्षेत्रमा पाँच करोड मूल्यको अर्को घर उनले देखाएका छन् । काभ्रेको धुलिखेलमा नौ आना क्षेत्रफलमा रहेको आवासीय अपार्टमेन्टको मूल्य तीन करोड ७५ लाख रूपैयाँ देखाइएको छ । तनहुँको बन्दीपुरमा तीन आना तीन पैसा क्षेत्रफलको घर रहेको छ । त्यसको मूल्य दुई करोड रहेको उनले उल्लेख गरेका छन् ।

क्रमशः पृष्ठ ४ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### वर्ष २०८२ मा वैदेशिक रोजगार

# एक वर्षमै चार जना श्रममन्त्री, वर्षान्तमा द्वन्द्वले प्रभावित

■ ममता थापा

**काठमाडौं–** २०८२ साल वैदेशिक रोजगार क्षेत्रका लागि उतारचढावपूर्ण रह्यो । एक वर्षभित्र चार जना श्रममन्त्री फेरिनु, जेन-जी आन्दोलन र गत फागुनबाट सुरु भएको पश्चिम एसियाको द्वन्द्वको असर यस क्षेत्रमा देखिने क्रम जारी छ ।

गत वैशाखदेखि फागुनसम्म व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति नवीकरण गरेर सात लाख ६२ हजार ५१७ जना विभिन्न मुलुक पुगे । यसै अवधिमा वैदेशिक रोजगारीबाट १९ खर्ब ८० अर्ब ३८ करोड रूपैयाँभन्दा बढी विप्रेषण भित्रियो । वर्ष २०८२ मा यस क्षेत्रमा भएका प्रमुख घटना यस्ता छन्:

**वैशाख १:** वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिद्वारा पदभार ग्रहण । भुवनसिंह गुरुङ नेतृत्वको प्यानलले २०८१ चैत ३१ गते संघको चुनाव जितेको थियो ।






**वैशाख ९:** तत्कालीन स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलद्वारा वैदेशिक रोजगारीबाट फर्किएकाको स्वास्थ्य परीक्षणका लागि सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा निःशुल्क ओपिडी वार्ड स्थापना गर्ने निर्णय ।

**वैशाख १२:** तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र बोस्निया एण्ड हर्जगोभिना दूतावासका मिसन उपप्रमुख आर्मिन मेसिनोभिकबीच श्रम सम्झौता गर्ने विषयमा छलफल ।

**वैशाख १२:** मलेसियामा सेवा क्षेत्रतर्फ होलसेल तथा रिटेल, सेक्युरिटी गार्ड, वेयरहाउजिङ, गोल्डस्मिथ्स, टेक्सटाइल, पर्यटन, कृषि क्षेत्रतर्फ फिसेरिज र लाइभस्टक तथा प्लान्टेसन र कन्स्ट्रक्सन क्षेत्रको मागपत्र खुला ।

**वैशाख १६:** 'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' प्रतिनिधिसभाबाट बहुमतले पारित । योसँगै वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरणका लागि अनिवार्यरूपमा वार्षिक १०० जना कामदारको श्रम स्वीकृति लिनुपर्ने प्रावधान खारेज ।

**वैशाख १८:** १३६औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा श्रम मन्त्रालयद्वारा 'श्रम संसार' पोर्टलको सुरुआत ।

**जेठ १५:** आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले ल्याएको बजेटमा श्रम मन्त्रालयको बजेट झण्डै आधाले कटौती ।

क्रमशः पृष्ठ ४ मा


## एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरूरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरुमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरुका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं, नेपाल
फोनः ९७७–१–४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail .com

# बालबालिकासम्बन्धी ऐन कार्यान्वयनमुखी बनाउनुपर्ने सुझाव

**काठमाडौं–** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिकासम्बन्धी ऐन, २०७५ लाई संशोधन प्रक्रिया अघि बढाएसँगै यसलाई कार्यान्वयनमुखी बनाउनुपर्ने सुझाव दिइएको छ ।

प्रतिनिधिसभाको निर्वाचन र नयाँ सरकार गठन भएपछि सरकारले सो ऐन र बालबालिकासम्बन्धी नियमावली, २०७८ लाई संशोधनको प्रक्रिया अघि बढाएको छ । सोही विषयमा बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) द्वारा आइतबार यहाँ आयोजित सरोकार भएका निकायका प्रतिनिधिसँगको छलफलमा ऐनमा 'गरिने छ', 'भएता पनि' जस्ता अन्योलपूर्ण एवं दुई किसिमका अर्थ लाग्ने शब्दावली हटाएर ठोस् र प्रभावकारी कार्यान्वयन हुने खालका व्यवस्था थप्न सुझाव दिइएको हो ।

विभिन्न ५० भन्दा बढी बालअधिकारका क्षेत्रमा आबद्ध संस्थाका ८० जनाको सहभागितामा भएको छलफलमा बालबालिका राष्ट्रिय गौरव हुन् र शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई गहिरोसँग बोध गरेर ऐन र नियमावली संशोधन हुनुपर्ने सुझाव दिइएको छ । कार्यक्रममा बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले ऐनमा संशोधन हुनुपर्ने विषयबारे तीन तहका सरकारका लागि आवश्यक फाराम बनाएर सार्वजनिकरूपमा सुझाव दिन आह्वान गरिएको जानकारी दिए ।

बालबालिकाको अधिकार, सुरक्षा र विकास सुनिश्चित गर्न सो कानुनलाई समयसापेक्ष बनाउँदै बालबालिकाको परिभाषा, अधिकारको व्याख्या, शोषण र विभेद्रहित वातावरण सुनिश्चितताका थप परिमार्जित प्रावधानहरू प्रस्ताव गरिने सहसचिव बुढाले उल्लेख गरे । उनले कानुनी विवादमा परेका बालबालिकाका लागि दीर्घकालीन सुधारात्मक व्यवस्थाका साथै राष्ट्रिय बालअधिकार परिषद्को कानुनी संरचना थप स्पष्ट गरिनेलगायत विषयमा संशोधन हुनुपर्नेमा जोड दिए ।

मन्त्रालयका उपसचिव दुर्गाप्रसाद चालिसेले आगामी जेठ मसान्तभित्रमा ऐन संशोधनको मस्यौदा तयार गर्नेगरी मन्त्रालयले प्राथमिकताका साथ काम गर्ने योजना बनाइएको जानकारी दिए । मन्त्रालयको बाल संरक्षण तथा विकास शाखाले सबै सरोकार भएका निकायलाई कुन दफामा कस्तो विषय र किन संशोधन गर्ने भन्ने खुलाएर उक्त अवधिसम्म आफ्ना सुझाव दिनसक्ने व्यवस्था गरिएको उनले बताए ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले बालबालिकालाई जात, लिंग, धर्म, आर्थिक अवस्थालगायत आधारमा कुनै पनि भेद्भाव तथा जोखिमपूर्ण वा हानिकारक काम (बालश्रम) मा लगाउन निषेध गरिएको सन्दर्भमा यसको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

कम उमेरमा विवाह गराउने वा गरिने कार्यलाई गैरकानुनी मानिएको बताउँदै उनले बालबालिकामाथि हुने शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार तथा शोषणलाई निषेध गरिएकोसम्बन्धी व्यवस्थालाई पनि प्रभावकारी कार्यान्वयन गरिनुपर्नेमा सरोकार भएकाहरूले आग्रह गरेका छन् । छलफलमा सहभागीले बालबालिकामाथि हुने डिजिटल हिंसा नियन्त्रण, बालबालिकालाई मनोसामाजिक परामर्शको प्रबन्ध र बाल अधिकार हेर्ने बेग्लै उच्च वा राष्ट्रिय मानवअधिकार आयोग बनाई आवश्यक सदस्यको व्यवस्था गरिनुपर्ने आग्रह गरेका छन् ।

ऐनले १८ वर्ष ननाघेका सबै व्यक्तिलाई बालबालिका मानेको छ भने बालबालिकालाई बाँच्न पाउने, शिक्षा, स्वास्थ्य, संरक्षण र विकासको अधिकार सुनिश्चित गरेको छ । बालबालिकालाई संविधानतः निःशुल्क आधारभूत शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार दिइएको छ । *रासस*

# स्वास्थ्य सेवा निरन्तर राख्न स्वास्थ्य मन्त्रालयको आग्रह

**काठमाडौं (प्रस)–** सरकारले साताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय लागू गरेपछि स्वास्थ्य सेवा प्रभावित हुनसक्ने अवस्थालाई ध्यानमा राख्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवा निरन्तर सञ्चालन गर्न आग्रह गरेको छ ।

मन्त्रालयले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा बिरामीलाई कुनै असहजता नहोस् भन्ने उद्देश्यले बिदाका दिनमा पनि स्वास्थ्य सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएको छ । यसअनुसार मन्त्रालयको अनुरोधपछि अधिकांश अस्पतालहरूले बिदाको दिनमा पनि बहिरंग (ओपिडी) सेवा सञ्चालन गरिरहेका भन्दै मन्त्रालयले धन्यवाद पनि व्यक्त गरेको छ ।

विज्ञप्तिमा चिकित्सक, स्वास्थ्यकर्मी तथा सेवा प्रदायक संस्थाबाट प्राप्त गुनासोप्रति मन्त्रालय जानकार रहेको उल्लेख गर्दै ती समस्याको समाधानका लागि मन्त्रालय सकारात्मक र प्रतिबद्ध रहेको जनाएको छ । नागरिकको स्वास्थ्य जस्तो संवेदनशील विषयलाई ध्यानमा राख्दै सेवा निरन्तरता दिनु सबैको प्रमुख दायित्व भएको पनि मन्त्रालयले स्पष्ट पारेको छ ।

मन्त्रालयले सम्बन्धित सबै सरोकार भएकाहरूसँग समन्वय गरी स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित, सन्तुलित र दिगो बनाउने उद्देश्यले आवश्यक कार्यविधि तयार पार्ने प्रक्रिया अघि बढाएको जानकारी दिएको छ। उक्त कार्यविधि कार्यान्वयनमा नआउँदासम्म अस्पतालहरूले उपलब्ध जनशक्ति र स्रोतका आधारमा सेवा सञ्चालन गर्न अनुरोध गरिएको छ। मन्त्रालयले सम्पूर्ण सरोकार भएकाहरूबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि चिकित्सक तथा स्वास्थ्यकर्मीबाट निरन्तर सहकार्य र समन्वयको अपेक्षा गरेको छ ।

पृष्ठ ३ बाट क्रमशः

## मन्त्रीहरूको सुन...

काठमाडौंको चन्द्रागिरि नगरपालिकामा जीवनराज वाग्लेको नाममा तीन रोपनी, गोरखाको सहिद लखन गाउँपालिका-८ मा तीन रोपनी जग्गा उनले देखाएका छन् । जीवनराज स्वर्णिमका बुवा हुन् । स्वर्णिमको नाममा गोरखा नगरपालिकामा पाँच रोपनी जग्गा छ । उनको बुबा जीवनराज वाग्लेको नाममा चितवनको रत्ननगर नगरपालिका ४ र १४ मा ५ रोपनी जग्गा छ । स्वर्णिमकै नाममा तनहुँको भानु नगरपालिकामा छ रोपनी जग्गा छ ।

अर्थमन्त्री वाग्लेले आफूसँग ४५ तोला सुन रहेको उल्लेख गरेका छन् । उनले विभिन्न बैंकमा गरी आफूसँग एक करोड ९० लाख रूपैयाँ मौज्दात रहेको बताएका छन् । उनीसँग सानिमा मिडल तमोर हाइड्रोको ७१ हजार ९३, सांग्रिला विकास बैंकको २५ हजार ७६२ कित्ता सेयर छ । त्यसैगरी नेसनल फण्ड म्यानेटमेन्ट लिमिटेड, ठूलो खोला, अपर मादी खोलाको गरी ९० लाख, ६० लाख, तीन करोड रूपैयाँ मूल्यको सेयर रहेको उल्लेख गरेका छन् ।

उनले राष्ट्रिय वाणिज्य बैंकबाट ३८, स्टचाण्डर्ड चार्टर्ड बैंकबाट ७५ लाख, ग्लोबल आइएमईबाट एक करोड पाँच लाख र व्यक्तिगत सापटीबाट दुई करोड ५० लाख रूपैयाँ लिएको उल्लेख गरेका छन् । यसमध्ये राष्ट्रिय वाणिज्य बैंक र स्टचाडर्ड चार्टर्ड बैंकबाट लिएको ३८ र ७५ लाख भने चुक्ता गरिसकेको उल्लेख गरेका छन् ।

### गृहमन्त्री गुरुङसँग ८९ तोला सुन, जग्गा १४० रोपनी, करोडौंको सेयर

गृहमन्त्री सुधन गुरुङको धनकुटा, चितवन र गोरखामा गरी २४० रोपनी जग्गा रहेको खुलेको छ । धनकुटामा उनकै नाममा १९ रोपनी १५ आना जग्गा रहेको छ । उक्त जग्गा लगानीबाट प्राप्त पैसाबाट किनिएको उनले विवरणमा खुलाएका छन् । त्यस्तै बुवा दिलबहादुरको नाममा चितवनको भरतपुरमा ३० कट्ठा जमिन र हजुरबुवा रामसल गुरुङको नाममा गोरखामा २२१ रोपनी जमिन रहेको छ। त्यस्तै मन्त्री गुरुङकै नाममा ८९ तोला सुन र चाँदी छ किलो रहेको छ। त्यस्तै विभिन्न बैंकमा ६१ लाख ६० हजार रूपैयाँ बचत रहेको छ ।

त्यस्तै होप होल्डिङ्स प्रालिमा ३० हजार थान सेयरको ३० लाख, लगुम प्रिमियम अपार्टमेन्ट्स प्रालि ५७ हजार थान सेयरको ५७ लाख रूपैयाँबराबरको सम्पत्ति रहेको छ । त्यस्तै एडभेञ्चर भिल्ला प्रालिको नाममा ७० लाख रूपैयाँ बराबरको सम्पत्ति रहेको छ। त्यस्तै विभिन्न कम्पनीको गरी २ करोड ७४ लाख ५६ हजार २ सय रूपैयाँबराबरको सेयर रहेको छ। त्यस्तै गृहमन्त्री गुरुङको नाममा ४८ लाख रूपैयाँबराबरको एमजी-एस फाइभ कारसमेत रहेको छ ।

### परराष्ट्रमन्त्री खानलको चार जिल्लामा घरजग्गा

परराष्ट्रमन्त्री शिशिर खनालकोसँग काठमाडौंको टोखामा घर रहेको छ । यस्तै तीन जिल्लामा जग्गाजमिन रहेको छ । विवरणअनुसार काठमाडौं महानगरपालिका-१० स्थित टोखामा ६ आना क्षेत्रफलमा बनेको एक घर रहेको छ । तनहुँको भानुमा १५ रोपनी पुर्ख्यौली जग्गा, नवलपरासी पूर्वको देवचुलीमा १२ रोपनी र बाँकेको नेपालगन्जमा २ कट्ठा जग्गा रहेको उल्लेख गरिएको छ ।

नगद तथा जिन्सी सम्पत्तिमा उनीसँग २२ तोला सुन र २५ तोला चाँदी रहेको छ भने १० लाख रूपैयाँ नगद मौज्दात रहेको विवरणमा उल्लेख छ ।

खनालको पिक एण्ड ड्रप नेपालमा ३३ प्रतिशत, रिग्पा इन्टरनेसनलमा सतप्रतिशत र ताजा एग्रो फार्ममा १६ प्रतिशत सेयर स्वामित्व रहेको उल्लेख गरेका छन् । त्यस्तै बीपीडब्ल्यू लघुवित्त, ओम मेघश्री फर्मास्युटिकल्स, ग्लोबल आइएमई बैंकलगायत विभिन्न जलविद्युत् तथा सार्वजनिक कम्पनीहरूमा पनि उनको लगानी रहेको छ । सवारीसाधनतर्फ उनले करिब ४० लाख रूपैयाँमा खरिद गरेको गाडी प्रयोग गरिरहेका छन् । उनले ७५ लाख ऋण रहेको पनि खुलाएका छन् ।

### अरू मन्त्रीसँग सम्पत्ति कति ?

ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले आफूसँग बैंकमा ५८ लाख ६४ लाख ६३६ रूपैयाँ ब्यालेन्स रहेको उल्लेख गरेका छन् । त्यसैगरी उनले १५ तोला सुन र ५० तोला चाँदी रहेको खुलाएका छन् । सेयरमा ४५ लाख ४८ हजार ४२० रूपैयाँ रहेको विवरण छ। उनीसँग गाडी, स्कुटर र इभी गाडी रहेको पनि उल्लेख छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्सालको परिवारको नाममा विभिन्न स्थानमा जग्गा, ९० लाख नगद, सुन र चाँदी रहेको उल्लेख छ । रूपन्देहीको तिलोत्तमा नगरपालिका ७ मा १ कट्ठा १० धुर जग्गा जमुना लम्सालको नाममा रहेको खुलाइएको छ । त्यसैगरी, जमुना लम्सालकै नाममा नवलपरासीको कावासोतीमा १० कट्ठा १५ धुर जग्गा रहेको पनि उल्लेख छ ।

पारिवारिक सम्पत्तिको रूपमा बोधराज लम्सालको नाममा स्याङजामा सात रोपनी खेत र २२ रोपनी बारी रहेको पनि विवरणमा जनाइएको छ। मन्त्री लम्सालसँग ३० तोला सुन र ५० तोला चाँदी रहेको पनि सम्पत्ति विवरणमा उल्लेख छ । बैंक खातामा ९० लाख रूपैयाँ नगद रहेको जनाइएको भएता पनि सो रकम कुन बैंकमा छ भन्ने स्पष्ट खुलाइएको छैन । मन्त्री लम्सालको सेयर बजार कारोबारसम्बन्धी विवरण पनि सार्वजनिक गरिएको छैन ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमसँग करिब १५ तोला सुन, एक करोड २३ लाख ७५ हजार रूपैयाँबराबरका सवारीसाधन, विभिन्न बैंकमा जम्मा भएको नगद, कम्पनीका सेयर र पैतृक जग्गा तथा सम्पत्ति रहेको छ ।

मन्त्री गौतमले चितवनस्थित भरतपुर महानगरपालिकामा ६७७ वर्गमिटर जग्गा रहेको उल्लेख गरेकी छन् । उनको विभिन्न बैंक खातामा नगद मौज्दात रहेको देखिएको छ । एनआइसी एसिया बैंकमा तीन लाख ६८ हजार रूपैयाँ, राष्ट्रिय वाणिज्य बैंकमा ४६ हजार ८०० रूपैयाँ, नबिल बैंकमा चार लाख ८१ हजार रूपैयाँ, माछापुच्छ्रे बैंकमा एक लाख ४४ हजार रूपैयाँ र ग्लोबल आइएमई बैंकमा आठ हजार २०० रूपैयाँ रहेको उल्लेख छ ।

सेयरतर्फ, ग्लोबल हिमायल ट्रक एण्ड ट्रेड्सको ५० प्रतिशत सेयर उनको नाममा रहेको देखाइएको छ, जसलाई पैतृक सम्पत्तिबाट प्राप्त भएको भनिएको छ । त्यस्तै, सोपान मल्टिपल कम्पनीमा ६५०० कित्ता सेयर रहेको उल्लेख छ, यो भने तलबबाट प्राप्त भएको जनाइएको छ ।

गाडी खरिद गर्ने प्रयोजनका लागि उनले राष्ट्रिय वाणिज्य बैंकमा सात लाख रूपैयाँ ऋण तिरिएको उल्लेख गरेकी छिन् भने एभरेस्ट बैंकबाट २५ लाख रूपैयाँ ऋण लिएको जनाइएको छ। सवारीसाधनतर्फ मन्त्री गौतमसँग २६ लाख रूपैयाँको गाडी रहेको छ ।

यसैगरी, उनका श्रीमान् गृहेन्द्र घिमिरेको नाममा ९५ लाख रूपैयाँको गाडी रहेको उल्लेख छ, जुन ऋण र तलबबाट किनिएको जनाइएको छ । दुई लाख ७५ हजार रूपैयाँको एक थान स्कुटर पनि विवरणमा खुलाइएको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादीसँग सुन १८ तोला र चाँदी १५ तोला रहेको छ । त्यसैगरी २० वटा कुखुरा र एउटा कुकुर रहेको पनि रहेको विवरणमा उल्लेख गरेकी छन् । मन्त्री वादीले आफूसँग एउटा स्कुटर, तीनवटा ल्यापटप र दुई वटा मोबाइल पनि रहेको उल्लेख गरेकी छन् । उनको श्रीमान्सँग पल्सर मोटरसाइकल रहेको उल्लेख छ ।

नगद ५० हजार रूपैयाँ र बैंककमा उनी र श्रीमान्को नाममा १५ लाख रूपैयाँ रहेको उल्लेख छ । मन्त्री वादीको नाममा सुर्खेतमा ८९.६५ वर्ग मिटर क्षेत्रफलको जग्गा रहेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलको २५ लाख ७८ हजार रूपैयाँ नगद मौज्दात रहेको खुलाएकी छन् । उनले पति प्रेम अर्यालको गाडी रहेको पनि सम्पत्ति विवरणमा खुलाएकी छन् । त्यसैगरी उनीसँग २५ तोला सुन रहेको छ । उनले काठमाडौंको बूढानीलकण्ठ चपलीमा रहेको जग्गा, बारामा रहेको जग्गाको विवरण उल्लेख गरेकी छन् । उनले श्रीमान्को आयबाट जग्गा किनेको उल्लेख गरेकी छन् ।

स्वास्थ्यमन्त्री निशा मेहतासँग ३० तोला सुन र ५० तोला चाँदी रहेको उल्लेख छ । यसको स्रोत दाइजो, उपहार र आफैंले खरिद गरेको विवरणमा उल्लेख छ । मन्त्री मेहताको काठमाडौंको सौखेलमा सात आना जग्गा रहेको उल्लेख छ । यसको स्रोत श्रीमान् र आफ्नो तलबका साथै ऋण रहेको उल्लेख छ ।

मन्त्री मेहताको माछापुच्छ्रे बैंकमा सात लाख २३ हजार रूपैयाँ, सानिमा बैंकमा १० लाख रूपैयाँ र २५ लाख रूपैयाँ हाराहारीको ब्राण्ड आई १० को एउटा गाडी रहेको छ । जुन गाडीको खरिद मूल्य २५ लाख रूपैयाँ रहेको उल्लेख छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेलले भाउजू सन्तोषी शर्माको नाममा रहेको घरलाई सम्पत्ति विवरणमा समेटेका छन् । उनले पोखरा-१४ मा रहेको घर दुई करोड ६० लाख रूपैयाँमा बैंकको ऋण तथा पैतृक सम्पत्तिबाट खरिद गरेको उल्लेख गरेका छन् । आमा खीमाकुमार पौडेलको नाममा कास्कीमा तीन ठाउँमा जग्गा रहेको पनि विवरण पेस गरेका छन् । मन्त्री पौडेलसँग ११ तोला सुन र पाँच तोला चाँदी पुस्तान्तरण भएर आएको उल्लेख गरेका छन् ।

मन्त्री पौडेलले एनएमबी बैंकमा ५१ हजार रूपैयाँ र माछापुच्छ्रे बैंकमा आठ लाख रूपैयाँ नगद र मझेरी सहकारीमा एक लाख ३५ हजार रूपैयाँ रहेको पनि सम्पत्ति विवरणमा लेखेका छन् । मन्त्री पौडेलले आफ्ना दाजु पशुपति पौडेलसँग एउटा गाडी रहेको र आफूसँग दुईवटा स्कुटी रहेको पनि सम्पत्ति विवरणमा उल्लेख गरेका छन् । पौडेलले बुक लिफ्ट प्रालिमा २५ लाख र मझेरी मञ्जिलमा पारिवारिक लगानीको रूपमा दुई करोड रूपैयाँ लगानी गरेको पनि सम्पत्ति विवरणमा उल्लेख गरेका छन् ।

मन्त्री पौडेलले मझेरी सहकारीबाट १० लाख रूपैयाँ ऋण लिएको विवरण पनि उल्लेख गरेका छन् । घर किन्न शर्माले माछापुच्छ्रे बैंकबाट एक करोड ३० रूपैयाँ ऋण लिएको विवरण पनि पेस गरेका छन् । घर भने भाउजू सन्तोषी शर्माको नाममा रहेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले २३ करोड ४१ लाख २७ हजार रूपैयाँ बराबरको सम्पत्ति रहेको सम्पत्ति विवरणमा उल्लेख छ । कूल सम्पत्ति २४ करोड १६ लाख २७ हजार रहेकोमा ७५ लाख ऋण र सापटी लिएको उल्लेख छ । बुबा रमेशकुमार पोखरेल र आमा मिनाक्षी ओझा पोखरेलको नाममा काठमाडौंमा चार र पाँच करोडको घर जग्गा रहेको उल्लेख गरिएको छ । बाबु राष्ट्र बैंकमा कार्यरत हुँदाको कमाइ र पैतृक सम्पत्तिबाट आर्जन गरिएको उल्लेख छ । काठमाडौं, विराटनगर, ललितपुरको गोदावरी, गोकर्णेश्वरमा बाबुआमा र पैतृकरूपमा संयुक्त साढे ११ करोड हाराहारी रूपैयाँको जग्गा रहेको उल्लेख छ ।

पोखरेलसँग २५ तोला सुन र १०० तोला चाँदी रहेको पनि उल्लेख छ । सानिमा र एनआइसी एसिया बैंकमा साढे चार लाख नगद रहेको उल्लेख छ । विभिन्न कम्पनीका सेयर र दुईवटा गाडी रहेको पनि विवरणम उल्लेख छ ।

सञ्चारमन्त्रीको बैंक ब्यालेन्स १० लाख, ऋण दिएको रकम ४८ लाख रहेको खुलाएका छन् । सार्वजनिक विवरणअनुसार बालाजुस्थित नबिल बैंकको आफ्नो खातामा १० लाख २४ हजार ३६५ रूपैयाँ र श्रीमती मञ्जु गैरेको वनस्थलीस्थित सानीमा बैंकको खातामा १० हजार रूपैयाँ रहेको उल्लेख गरेका छन् । मन्त्री तिमिल्सिनाले ४८ लाख ऋण दिएको तथा सन् २०२२ मा २३ लाख रूपैयाँमा चारपांग्रे गाडी किनेको विवरणमा उल्लेख छ ।

काठमाडौंको नागार्जुन-१ मा उनको १४२.७० वर्गमिटर क्षेत्रफलमा फैलिएको घर र काठमाडौंमै १७४.८५ वर्गमिटर क्षेत्रफलको जग्गा श्रीमती गैरेको नाममा रहेको तिमिल्सिनाले उल्लेख गरेका छन् ।

कृषि तथा पशुपन्छी र वन तथा वातावरणमन्त्री गीता चौधरीले सम्पत्तिको नाममा माइतीले दिएको दुईवटा बाख्रा र १० कुखुरासमेत खुलाएकी छन् । उनले ५० हजारको घडी, ९० हजार रूपैयाँको मोबाइल र ७५ हजार रूपैयाँको ल्याप्टप रहेको सम्पत्ति विवरणमा उल्लेख छ ।

उनको नाममा पाँच तोला सुन र १०० तोला चाँदी रहेको छ । उक्त सुन र चाँदीको आयस्रोत पैतृक र स्वआर्जन रहेको जनाइएको छ। ५ वटा बैंकमा गरी मन्त्री चौधरीको नाममा एक लाख २६ हजार रूपैयाँ रहेको विवरणमा उल्लेख छ ।

मन्त्री चौधरीले ऋण काढेर एउटा स्कुटर खरिद गरेको उल्लेख छ । स्कुटर खरिद गर्दा लिएको एक लाख ५० हजार रूपैयाँमध्ये ८४ हजार रूपैयाँ भुक्तानी गरिसकेको उल्लेख छ। स्वआर्जनबाट तीन लाख ३० हजार रूपैयाँ मूल्यको अर्को पनि स्कुटर रहेको सम्पत्ति विवरणमा उल्लेख छ ।

उद्योगमन्त्री गौरीकुमारी यादवले आफूसँग १८० तोला सुन रहेको विवरण सार्वजनिक गरेकी छन् । ३० वर्षअघि नै आफूसँग यो सुन रहेको यादवले दाबी गरेकी छन् । त्यसैगरी उनीसँग दुई किलो चाँदी र दुई सेट हिराको हार र चार वटा हिराको औंठी रहेको उल्लेख गरेकी छन् ।

त्यस्तै, काठमाडौंमा एउटा घर तथा अन्य छ ठाउँमा उनको जग्गा छ । केही जग्गा बिग मार्टलाई लिजमा दिएर मासिक ९० हजार रूपैयाँ कमाई हुने गरेको पनि उनको सम्पत्ति विवरणमा उल्लेख छ । काठमाडौं वडा १० मा ४४ आना जग्गा रहेको उनले उल्लेख गरेकी छन् । त्यसैगरी महोत्तरीको बर्दिवासमा आठ बिघा बढी जग्गा रहेको उल्लेख गरेकी छन् ।

श्रममन्त्री रामजी यादवसँग विभिन्न बैंकमा ७० लाख रूपैयाँ मौज्दात रहेको उल्लेख गरेका छन् । यादवसँग सुन ८० तोला र चाँदी १५० तोला रहेको उल्लेख गरेका छन् । सप्तरीको राजविराज-९ मा ५० आना जग्गा रहेको सम्पत्ति विवरणमा उल्लेख छ ।

■■■

## एक वर्षमै...

आर्थिक वर्ष २०८१/८२ मा आठ अर्ब १० करोड विनियोजन भएकोमा २०८२/८३ लाई चार अर्ब २८ करोड विनियोजन ।

**जेठ २७:** तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारी र साउदी अरबको अन्तर्राष्ट्रिय मामिला उपमन्त्री तारिक अल हमदबीच सामान्य र सीपयुक्त श्रमिकको सीप प्रमाणीकरण कार्यक्रमसम्बन्धी तत्काल दुईवटा सम्झौता गर्ने सहमति ।

**जेठ ३०:** द्विपक्षीय श्रम सम्झौता भएको युएईमा वैदेशिक रोजगारीका लागि नेपाली घरेलु कामदार पठाउने सम्भावनाका सम्बन्धमा अध्ययन गर्न तीनवटा संसदीय उपसमिति गठन ।

**जेठ ३०:** इजरायल र इरानबीच द्वन्द्व सुरु हुँदा दुवै मुलुकमा रहेका नेपालीको सुरक्षा चिन्ता ।

**असार १०:** युएईमा नेपाली कामदारको न्यूनतम तलब एक हजार दिराम हुने निर्णय कार्यान्वयनमा ।

**ख साउन १४:** राष्ट्रपति रामचन्द्र पौडेलले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेसँगै १०० संख्याको प्रावधान हट्यो ।

**साउन अन्तिममा:** विषाक्त मदिरा सेवनबाट कुवेतमा १६ जना नेपाली कामदारको मृत्यु ।

**भदौ १५:** वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) राष्ट्रिय परिचयपत्र प्रणाली (एनआइडी)मा जोडियो ।

**भदौ ३१:** निजी क्षेत्रबाट ई-७ भिसामार्फत दक्षिण कोरियामा कामदार पठाउने कार्य रद्द गरेको वैदेशिक रोजगार विभागको सूचना ।

**असोज १:** भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि सिर्जित परिस्थितिलाई मध्यनजर गर्दै युएईद्वारा नेपाली नागरिकको भिसा रोक्का ।

**कातिक ११:** मलेसियाको परराष्ट्र मन्त्रालयले नेपालबाट कामदार पठाउने म्यानपावर कम्पनीका लागि १० वटा मापदण्ड तोक्यो । सरकार परिवर्तनसँगै सिण्डिकेटले शिर उठाएको भन्दै व्यवसायीको विरोध ।

**कातिक १३:** वैदेशिक रोजगार विभागले सञ्चालन गरेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (एनआइडी)मा जोडियो ।

**कातिक २१:** मलेसिया सरकारले नेपाललगायत पाँच देशका लक्षित म्यानपावर कम्पनीका लागि निर्धारण गरेको १० बुँदे मापदण्ड स्वीकार गर्न नसकिने भन्दै परराष्ट्र मन्त्रालयले मलेसिया सरकारलाई कूटनीतिक नोट पठायो ।

**मंसिर १०:** वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाएर नौ हजार ५०० पुऱ्याइयो । श्रम मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न १७१ वटा स्वास्थ्य संस्थालाई सूचीकरण गर्दै परीक्षणको शुल्क बढायो ।

मंसिर २६: **नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रसिंह भण्डारीलाई श्रममन्त्री नियुक्त ।** जेन-जी आन्दोलनपछि प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा गठन भएको अन्तरिम सरकारले तीन महिनापछि श्रममन्त्री पायो ।

**पुस ३:** स्पेसल टास्क फोर्स बनाएर ठगविरुद्ध कारबाहीमा उत्रिने श्रममन्त्री भण्डारीको उद्घोष ।

**पुस ४:** वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणको शुल्क बढाउने निर्णय खारेज।

**पुस ९:** वैदेशिक रोजगार विभागको महानिर्देशकमा सहसचिव मीरा आचार्यलाई जिम्मेवारी ।

**पुस ११:** वैदेशिक रोजगारीका लागि इराक पुगेका नेपाली कामदारलाई श्रम स्वीकृति दिने निर्णय ।

**माघ ११:** नेपाल र साउदी अरबबीच पहिलोपटक श्रम सम्झौता ।

**फागुन १४-१५:** नेपाल सरकारको प्रतिनिधिमण्डल र दक्षिण कोरियाबीच रोजगार अनुमति प्रणाली (इपिएस)समस्याबारे छलफल । नेपालसँगको इपिएससम्बन्धी द्विपक्षीय समझदारी नवीकरण गर्न कोरिया तयार ।

**फागुन १६:** अमेरिका र इजरायलले इरानमाथि संयुक्तरूपमा सैन्य आक्रमण गरेपछि पश्चिम एसियामा तनाव । पश्चिम एसियाका १२ मुलुकको श्रम स्वीकृति स्थगन ।

**फागुन १८:** युएईको जायद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्दा गोरखाको भीनसेन थापा गाउँपालिका-७ ठाटीबजारका दिवस श्रेष्ठको मृत्यु ।

**चैत १३:** श्रममन्त्रीमा रास्वपाबाट प्रतिनिधिसभा निर्वाचन जितेका दीपककुमार साह नियुक्त ।

**चैत १६:** श्रम मन्त्रालयद्वारा श्रमिकको स्वास्थ्य परीक्षणका लागि थप सरकारी तथा स्वीकृत अस्पताललाई अनुमति दिने निर्णय ।

**चैत २१:** कामदारसँग १० हजार रूपैयाँभन्दा बढी नउठाउन श्रममन्त्री साहद्वारा भिडियो सन्देशमार्फत निर्देशन ।

**चैत २६:** बहाल रहँदा पदीय मर्यादाको दुरूपयोग गरी श्रीमतीलाई बिमा बोर्डको सदस्यका रूपमा नियमित गराएको भन्दै श्रममन्त्री साह १३ दिनमै पदमुक्त ।

**चैत २७:** नयाँ श्रममन्त्रीमा रास्वपा सांसद रामजी यादव नियुक्त ।


**मलेसियामा रोजगार** कम्पनी : JINMA FOOD SERVICES SDN BHD — Address: JALAN

पूर्व स्वीकृति मिति : २०८२/१२/२६ | LT. No. 340496 | चलानी नं. ६०२२५३९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1700 | ६३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JINMA FOOD SERVICES SDN BHD — Address: JALAN

पूर्व स्वीकृति मिति : २०८२/१२/२६ | LT. No. 340497 | चलानी नं. ६०२२५३९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew/Male | 3 | 0 | 1700 | ६३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ७ गते (20st April 2026) मा हुनेछ ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9818104188, Email:- bijay.skypowernepal@gmail.com

**जापानमा रोजगार** कम्पनी : FUTAGO COOPERATIVE SOCIETY — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१२/२९ | LT. No. 340378 | चलानी नं. ६०२५३९५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 3 | 0 | 188813 | १,७५,९८९ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : FUTAGO COOPERATIVE SOCIETY — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१२/२९ | LT. No. 340379 | चलानी नं. ६०२५३९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 3 | 0 | 188813 | १,७५,९८९ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : FUTAGO COOPERATIVE SOCIETY — सेवा शुल्क: १००००/-

पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | LT. No. 340380 | चलानी नं. ६०२५३९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 3 | 0 | 197570 | १,८४,१५१ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : HATONOIE COOPERATIVE — सेवा शुल्क: १००००/-

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | पुन: स्वीकृति मिति : २०८२/१२/२९ | LT. No. 340386 | चलानी नं. ६०२५००८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver Male / Female | 2 | 3 | 197000 | १,८३,६२० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ७ गते (20st April 2026) मा हुनेछ ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम इजाजत नं. ६३१/०६३/०६४

# कञ्चनपुरमा आर्थिक गणनाका लागि ५३ जना गणक परिचालन

**कञ्चनपुर–** देशभर एकैसाथ आगामी वैशाख २ गतेदेखि सञ्चालन हुने आर्थिक गणनाका लागि कञ्चनपुरमा ५३ गणक र सात जना सुपरीवेक्षक गरी ६० जना परिचालन हुने भएका छन् । जिल्लाको आर्थिक अवस्था, उद्योग-व्यवसायको वास्तविक संख्या, रोजगारी अवस्था तथा आर्थिक गतिविधिको यथार्थ विवरण संकलन गर्न आर्थिक गणना हुन लागेको हो ।

आर्थिक गणना कार्यालयका जिल्ला आर्थिक गणना अधिकारी दानबहादुर ऐडीका अनुसार भीमदत्त नगरपालिकामा २० गणक परिचालन हुने छन् भने दोधारा चाँदनी नगरपालिकामा चार गणकलाई खटाउन तयारी गरिएको छ ।

बेदकोट नगरपालिका र शुक्लाफाँट नगरपालिमामा पाँच जनाका दरले गणकलाई खटाइने छन् भने कृष्णपुर नगरपालिकामा चार, लालझाडी गाउँपालिकामा दुई, बेलडाँडी गाउँपालिकामा दुई, बेलौरी नगरपालिकामा पाँच र पुनर्वास नगरपालिकामा छ जनालाई खटाइने छ । आठ जना गणक बराबर एक जना सुपरीवेक्षक परिचालन गर्ने व्यवस्था गरिएको अधिकारी ऐडीले जानकारी दिए ।

'गणकहरू र सुपरीवेक्षक छनोटको कार्य पूरा भएको छ,' अधिकृत ऐडीले भने, 'छनोट गरिएका गणक र सुपरीपेक्षकलाई गणना कसरी गर्ने, तथ्यांक कसरी संकलन गर्ने, प्रश्नावली कसरी भर्ने तथा व्यवसायीहरूसँग कसरी समन्वय गर्ने भन्ने विषयमा आवश्यक तालिम दिने कार्य भइरहेको छ ।'

जिल्लाका विभिन्न पालिकामा रहेका व्यापार-व्यवसायको संख्या र घनत्वका आधारमा गणक र सुपरीवेक्षक परिचालन गर्ने व्यवस्था मिलाइएको उनले बताए । आर्थिक गणनाका क्रममा गणकहरूले पसल, उद्योग, संस्था, सेवा व्यवसाय तथा अन्य आर्थिक एकाइमा पुगेर विवरण संकलन गर्ने छन् ।

मुख्यरूपमा व्यवसायमा गरिएको लगानी, रोजगारीको अवस्था, वार्षिक आम्दानी-खर्च, उत्पादन तथा सेवा प्रवाह, ऋण तथा बिमाको अवस्थालगायतका विवरण संकलन गरिने छ । हरेक पाँच वर्षमा गरिने यो गणना वैशाख २ गतेदेखि सुरु भई असार ७ गतेसम्म सञ्चालन हुने छ ।

हालसम्म जिल्लास्तरमा र पालिकास्तरमा आर्थिक गणनाबारे अन्तरक्रिया तथा सचेतना गोष्ठी कार्यक्रम सम्पन्न भइसकेको अधिकारी ऐडीले जानकारी दिए । उनका अनुसार आर्थिक गणना भनेको सञ्चालनमा रहेका वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने सबै प्रतिष्ठान तथा व्यवसाय (आर्थिक एकाइ)मा पुगेर तिनको विवरण संकलन, प्रशोधन, विश्लेषण, प्रकाशन तथा वितरण गर्ने समष्टिगत प्रक्रिया हो ।

नेपालमा पहिलो आर्थिक गणना २०७५ मा सम्पन्न भएको थियो भने दोस्रो आर्थिक गणना आव २०८२/८३ मा सञ्चालन हुनलागेको हो । जिल्ला आर्थिक कार्यालयका गणक सन्तोषबहादुर सिंहका अनुसार यस गणनाबाट प्रतिष्ठानहरूको आधारभूत विवरण संकलन, प्रशोधन, विश्लेषण तथा प्रकाशन गरिने छ । साथै देशमा रहेका प्रतिष्ठानको संख्या, अर्थतन्त्रका क्षेत्रगत संरचना, आकार तथा वितरणसम्बन्धी तथ्यांक उत्पादन हुने छ ।

कूल गार्हस्थ्य उत्पादन (जिडिपी) तथा राष्ट्रिय लेखाका अन्य अनुमानलाई सुदृढ बनाउन आवश्यक आधारभूत तथ्यांक उत्पादन हुनेछ । 'आर्थिक सर्वेक्षणका लागि नमूना छनोट फ्रेम तयार गर्न पनि आर्थिक गणनाले महत्त्वपूर्ण भूमिका खेल्ने छ,' गणक सिंहले भने, 'तथ्यांकीय व्यावसायिक रजिस्टर निर्माण तथा अद्यावधिक गर्न पनि आर्थिक गणनाले आधार प्रदान गर्ने छ ।'

आर्थिक गणनामा औपचारिक तथा अनौपचारिक दुवै प्रकारका आर्थिक गतिविधि सञ्चालन गर्ने प्रतिष्ठान तथा व्यवसाय समेटिने छन् । आर्थिक गणना स्थलगतरूपमा सञ्चालन गरिनेछ । गणक तथा सुपरीवेक्षकले व्यवसायस्थलमै पुगेर तथ्यांक संकलन गर्ने छन् । यस गणनामा मुख्यरूपमा दुई प्रकारका प्रश्नावली प्रयोग गरिने छ ।

पहिलो सूचीकरण फाराम, जसमा सबै प्रतिष्ठान तथा व्यवसायको संक्षिप्त विवरण संकलन गरिने छ । दोस्रो मुख्य प्रश्नावली, जसमा सूचीकरण भइसकेका प्रतिष्ठानहरूको विस्तृत विवरण संकलन गरिने छ । मुख्य प्रश्नावलीका विवरण इ-सेन्सस प्रणालीमार्फत व्यवसायी आफैंले भर्न सक्ने व्यवस्था रहेको छ भने कागजी प्रश्नावलीमार्फत गणकले पनि विवरण संकलन गर्ने छन् ।

जिल्ला आर्थिक गणना कार्यालय कञ्चनपुरले आर्थिक गणना राष्ट्रिय अभियान भएकाले सबै उद्योगी, व्यापारी, व्यवसायी तथा सर्वसाधारणलाई गणकहरू आफ्नो व्यवसायस्थलमा आउँदा सही तथा तथ्यपरक विवरण उपलब्ध गराई सहयोग गर्न अनुरोध गरेको छ । *रासस*

# धौलागिरि अस्पतालमा मिर्गौला रोगसम्बन्धी विशेषज्ञ सेवा

**बागलुङ (प्रस)–** बागलुङको धौलागिरि प्रादेशिक अस्पतालमा मिर्गौला रोगी बिरामीका लागि विशेषज्ञ सेवा सुरु भएको छ । यस अगाडि सामान्य उपचार हुँदै आएकोमा शनिबारदेखि विशेषज्ञ सेवा सुरु गरिएको हो ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत प्रमुख कन्सल्टेन्ट मिर्गौला रोग विशेषज्ञ डा. विकास खत्रीको नेतृत्वमा धौलागिरि अस्पतालमा आएपछि विशेषज्ञ सेवा सुरु गरिएको हो । पहिलो दिनमै २६ जना बिरामीहरूले प्रत्यक्ष रूपमा सेवा लिएको धौलागिरि प्रदेशिक अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट किरण तिवारीले जानकारी दिए ।

मिर्गौला तथा पिसाबसम्बन्धी बिरामीहरू अब काठमाडौं, पोखरालगायतका स्थानमा पुग्नुपर्ने बाध्यता हटेको तिवारीको भनाइ छ । अबदेखि मिर्गौलासम्बन्धी विशेषज्ञ सेवा हरेक महिनाको चौथो शनिबार बिहान १० बजेदेखि नियमित रूपमा सञ्चालन गरिने तिवारीले बताए ।

उनले भने, 'अब धौलागिरि अस्पतालबाट मिर्गौला रोगीहरूका लागि विशेषज्ञ सेवा सुरु गरेका छौं, यहाँ अरु धेरै सेवा दिँदै आएका छौं नागरिकको विश्वास बढ्दै गएको छ, अब टाढा गएर उपचार गराउँदा खर्च हुने हजारौं रूपैयाँ बच्ने भयो ।'

# पाल्पामा बन्द रहेको अक्सिजन प्लान्ट पुनः सञ्चालन



**पाल्पा–** यहाँ दुई वर्षदेखि बन्द रहेको अक्सिजन प्लान्ट पुनः सञ्चालनमा ल्याइएको छ । दक्ष जनशक्तिको व्यवस्थापन र मर्मतसम्भार गरी प्लान्ट पुनः सञ्चालनमा ल्याइएको हो ।

कोरोनाको समयमा संघीय सरकारबाट बजेट विनियोजन भई पाल्पा अस्पतालमा निर्माण गरिएको अक्सिजन प्लान्ट केही वर्षयता बिग्रिएर थन्किएको थियो । अहिले प्लान्ट सञ्चालनमा आएसँगै अक्सिजन अभावको समस्या समाधान हुने भन्दै स्थानीयले खुसी व्यक्त गरेका छन् । यसअघि यहाँ अक्सिजन प्लान्ट नहुँदा बुटवल, भैरहवाबाट ल्याउनुपर्ने बाध्यता थियो ।

जिल्लामा अक्सिजन प्लान्ट सञ्चालन भएपछि अन्य अस्पतालका साथै सबै बिरामीलाई सजिलो भएको तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा गाहा सिञ्जालीले बताइन् । प्लान्ट सञ्चालनपछि पाल्पा अस्पतालमा भर्ना हुने बिरामीमात्र नभई लुम्बिनी मेडिकल कलेज, मिसन अस्पताल, रामपुर अस्पताल तथा जिल्लाका निजी मेडिकल र क्लिनिकहरूलाई समेत अक्सिजन सिलिण्डर आपूर्ति गर्न सहज हुने उनले विश्वास व्यक्त गरिन् ।

जिल्लामा मासिक ४०० देखि ५०० अक्सिजन सिलिण्डर खपत हुने गरेको छ । प्लान्टमा अक्सिजन सिलिण्डर सानोको ३५० र ठूलाको ६५० रूपैयाँसम्ममा खरिदबिक्री हुँदै आएको पाल्पा अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्माचार्यले जानकारी दिए । जिल्लामा अक्सिजन उत्पादन हुँदा यहाँका अस्पतालहरूको ढुवानी खर्च र समयको बचतसमेत हुने उनको भनाइ छ ।

पाल्पा अस्पताललाई सुविधायुक्त, विश्वसनीय र भरपर्दो बनाउन अक्सिजन प्लान्ट महत्त्वपूर्ण रहेको समितिका अध्यक्ष कर्माचार्यले बताए । उनले भने, 'अक्सिजनको अभावमा कुनै पनि बिरामीले अकालमा ज्यान गुमाउनु नपरोस् भन्ने हाम्रो मुख्य उद्देश्य रहेको छ ।'

अक्सिजन प्लान्ट सञ्चालन भएसँगै अस्पतालले आगामी वैशाख दोस्रो साताभित्र शल्यक्रिया सेवा सुरु गर्ने योजना बनाएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा. राजेन्द्र पौडेलले बताए । संघीय सरकारअन्तर्गत अर्थ मन्त्रालयले २०७८ जेठमा अक्सिजन प्लान्ट सञ्चालनका लागि एक करोड ५० लाख रूपैयाँ बजेट स्वीकृत गरेको थियो ।

सरकारले स्वीकृत गरेको रकमबाट अक्सिजन उत्पादन गर्ने उपकरण खरिद गरी प्लान्ट सञ्चालनमा ल्याइएको थियो । प्लान्टका लागि अस्पताल नजिकै २६ लाख रूपैयाँ लागतमा भवन निर्माण गरिएको छ । कोभिडका बेला प्लान्ट सञ्चालनमा आउँदा सहज भए पनि त्यसयता बन्द भएपछि दीर्घरोगीहरूमर्कामा पर्दै आएका थिए । *रासस*


## मुकुल बचत तथा ऋण सहकारी संस्था लि.



बालुवाटार, काठमाडौं सम्पर्क नं ०१-४५३५६२६

### कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रकाशन मिति २०८२/१२/३० गते**

यस संस्थाबाट उल्लेखित ऋणी सदस्यहरूले आफ्नो व्यापार व्यवसाय संचालन गर्नका लागि कर्जा लिनु भएको साथै लिएको कर्जा रकम र सो को ब्याज संस्थासंग गरेको सर्त सम्झौता बमोजिम समय समयमा तिर्नु, बुझाउनु पर्नेमा सो नगरी सावा ब्याज चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । साथै सूचना प्रकशित भएको मितिले ३५ दिन भित्र लिएको कर्जा रकम र सो को ब्याज चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी सदस्य तथा जमानतकर्ता समेत लाई यसै सुचनाद्धरा जानकारी गराईन्छ अन्यथा यो सूचनालाई बेवास्ता गरि बस्नु भएमा यस संस्थाले प्रचलित ऐन नियम कानुन बमोजिम प्रक्रिया आगाडी बढाउने व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल**

| सि.न | ऋणी सदस्यहरूको तिन पुस्ते विवरण | जमानतकर्ताको तिन पुस्ते विवरण |
|---|---|---|
| १ | **ऋणीको नाम : काजी राई**<br>बाबुको नाम : दल बहादुर राई<br>बाजेको नाम : अर्क धोज राई<br>स्थायी ठेगाना : उदयपुर, बेलटार-२<br>ना.प्र.प.नं/ जारी मिति : १४१००८/९३८७५/२०६५/०९/१९  | **जमानीको नाम : विकास लामा**<br>बाबुको नाम : पूर्ण बहादुर<br>बाजेको नाम : पंचविर तामाङ्ग<br>स्थायी ठेगाना : काभ्रे, मच्छे-४<br>ना.प्र.प.न/ जारी मिति : १३८३१६/२०६२/०२/०४  |
| २ | **ऋणीको नाम : नविन तामाङ्ग**<br>बाबुको नाम : नर बहादुर तामाङ्ग<br>बाजेको नाम : खड्का बहादुर तामाङ्ग<br>स्थायी ठेगाना : कोशी, तेह्रथुम<br>ना.प्र.प.नं/ जारी मिति : ०८१००१-९१३१/२०६८-०२-२३  | **जमानीको नाम : सुवास तामाङ्ग**<br>बाबुको नाम : अईत बहादुर तामाङ्ग<br>बाजेको नाम : सन मान तामाङ्ग<br>स्थायी ठेगाना : मोरंग, लेटांग<br>ना.प्र.प.नं/ जारी मिति : ११७४४/२०७१-०१-२२ <br>**जमानीको नाम : पुनम नापित**<br>बाबुको नाम : पुष्पा नापित<br>बाजेको नाम : स्वयम्बक दास नापित<br>स्थायी ठेगाना : काठमाडौं, टोखा<br>ना.प्र.प.नं/ जारी मिति : ८०२९/२०६१-१०-०६  |
| ३ | **ऋणीको नाम : केवल बहादुर दजी**<br>बाबुको नाम : ऐन बहादुर दजी<br>बाजेको नाम : हरि भक्त दजी<br>स्थायी ठेगाना : बझांग, ब्यासी-६<br>ना.प्र.प.नं/जारी मिति : १४०२७/२०५८-०२-२८  | **जमानीको नाम : कुशल दजी**<br>बाबुको नाम : ऐन बहादुर दजी<br>बाजेको नाम : हरि भक्त दजी<br>स्थायी ठेगाना : बझांग, ब्यासी-६<br>ना.प्र.प.नं र जारी मिति : १०२०/१८३/२०६७-०२-०२ <br>**जमानीको नाम : सरिता परियार दजी**<br>बाबुको नाम : हरि शंकर परियार<br>ससुराको नाम : ऐन बहादुर दजी<br>श्रीमानको नाम : केवल बहादुर दजी<br>स्थायी ठेगाना : बझांग ब्यासी<br>ना.प्र.प.नं/ जारी मिति : ३१५६९/२०६३-०६-२२  |
| ४ | **ऋणीको नाम : सुवास तामाङ्ग**<br>बाबुको नाम : अरत बहादुर तामाङ्ग<br>बाजेको नाम : सनमान तामाङ्ग<br>स्थायी ठेगाना : मोरंग, लेटांग-५<br>ना.प्र.प.नं/जारी मिति : ११७४४/२०६०-०२-०६  | **जमानीको नाम : नविन तामाङ्ग**<br>बाबुको नाम : नर बहादुर तामाङ्ग<br>बाजेको नाम : खड्क बहादुर तामाङ्ग<br>स्थायी ठेगाना : कोशी, तेह्रथुम<br>ना.प्र.प.नं/जारी मिति : ०८१००१-९१३१/२०६८-०२-२३ <br>**जमानीको नाम : पुनम नापित**<br>बाबुको नाम : पुष्पा नापित<br>बाजेको नाम : स्वयम्बक दास नापित<br>स्थायी ठेगाना : काठमाडौं, टोखा<br>ना.प्र.प.न/जारी मिति : ८०२९/२०६१-१०-०६  |
| ५ | **ऋणीको नाम : टिकेन्द्र ओझा**<br>बाबुको नामस : डाक प्रसाद ओझा<br>बाजेको नाम : लक्ष्मी प्रसाद ओझा<br>स्थायी ठेगाना : पाचथर, फिदिम<br>ना.प्र.प.नं/जारी मिति : ६६९२/२०५२-०८-२४  | **जमानीको नाम : निरज ढकाल**<br>बाबुको नाम : सरोज कुमार ढकाल<br>बाजेको नाम : रामहरी ढकाल<br>स्थायी ठेगाना : सिरहा, हनुमाननगर<br>ना.प्र.प.न/जारी मिति : ३५७१२७४६/२०५९-०२-०५ <br>**जमानीको नाम : कृष्ण बहादुर पुलामी**<br>बाबुको नाम : हर्क बहादुर पुलामी<br>बाजेको नाम : पदम बहादुर पुलामी<br>स्थायी ठेगाना : रौतहट सर्लाही<br>ना.प्र.प.नं/जारी मिति : ६२२९/२०५९-०१-२३  |
| ६ | **ऋणीको नाम : बिष्णु लाल कसाई**<br>बाबुको नाम : भुव लाल कसाई<br>बाजेको नाम : काजिमान कसाई<br>स्थायी ठेगाना : नुवाकोट, मदनपुर-२<br>ना.प्र.प.नं/जारी मिति : ३११९२०४८/१२/२३  | **जमानीको नाम : राम बहादुर श्रेष्ठ**<br>बाबुको नाम : कृष्ण बहादुर श्रेष्ठ<br>बाजेको नाम : दिल बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना : नुवाकोट कुमारी-३<br>ना.प्र.प.नं/जारी मिति : २५३०४४/२४१/२०६३/१०/११  |



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय जितपुर, बाराको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/१२/३० गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जितपुर, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ बैशाख ०७ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जितपुर, बारामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

| ऋणीहरूको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०४/२४ मा दर्ता नं.२६७१५४/०७८/०७९ कायम भई दर्ता रहेको वारा जिल्ला, जितपुर सिमारा उप.म.न.पा. वडा नं. २२ स्थित रजिष्टर्ड कार्यालय रहेको **मुड अन रिभरसाइड रिसोट प्रा लि**<br>**सञ्चालक - अनिता देबी चौधरी**<br>ख. **रामईश्वर चौधरी**<br>ना.प्र.नं.- ८७८/३१५६/३३०२<br>जारी मिति २०५६/०१/०२ जि.प्र.का. बारा<br>बाबु - यादोलाल प्रसाद चौधरी<br>बाजे - रामपत चौधरी थारु<br>स्थायी ठेगाना- बारा जिल्ला, कोल्हवी गा.वि.स., वडा नं. ०५<br>हालको ठेगाना- जितपुर सिमरा उ.म.न.पा., वडा नं. ०७<br>ग. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०७/२९ मा दर्ता नं.१७८२६७/०७४/०७५ कायम भई दर्ता रहेको वारा जिल्ला, जितपुर सिमारा उप.म.न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **अमिशा लेबर्स सप्लायर्स प्रा लि**<br>**सञ्चालक - रामईश्वर चौधरी** | १. **मुड अन रिभरसाइड रिसोट**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला रातोमाडे गा.वि.स./न.पा., वडा नं. १ स्थित कित्ता नं. ७२ को क्षे.फ. ०-४-१२-८ (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>२. **अनिता देबी चौधरी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, भ जितपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ६४०४ को क्षे.फ. ०-०-१० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>३. **कञ्चनीया थरुनी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, सपहि गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १५१ को क्षे.फ. ०-१-१५ (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **रामईश्वर चौधरी**<br>ना.प्र.नं.- ८७८/३१५६/३३०२<br>जारी मिति - २०५६/०१/०२ जि.प्र.का. बारा<br>बाबु - यादोलाल प्रसाद चौधरी<br>बाजे - रामपत चौधरी थारु<br>स्थायी ठेगाना- बारा जिल्ला, कोल्हवी गा.वि.स., वडा नं. ०५<br>हालको ठेगाना- बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा., वडा नं. ०७<br>२. **अनिता देबी चौधरी**<br>ना.प्र.नं.- २८३४/२४९८<br>जारी मिति -२०६१/१२/२८ जि.प्र.का. बारा<br>बाबु - लालमन चौधरी<br>बाजे - पासपत चौधरी<br>स्थायी ठेगाना- बारा जिल्ला, सपही गा.वि.स.,वडा नं. ०७<br>हालको ठेगाना- बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा., वडा नं. ०७<br>३. **राम कुमारी चौधरी**<br>ना.प्र.नं.- ३५३०२०/३८९<br>जारी मिति - २०६३/१०/०८ जि.प्र.का. चितवन<br>बाबु - गर्भा महतो<br>बाजे - राकेश महतो<br>स्थायी ठेगाना- चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ०४<br>हालको ठेगाना- बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा., वडा नं. ०७<br>४. **अभिशेक चौधरी**<br>ना.प्र.नं.- ३३-०४-७५-००५०६<br>जारी मिति - २०७५/०७/०७ जि.प्र.का. बारा<br>बाबु - रामईश्वर चौधरी<br>बाजे - यादोलाल प्रसाद चौधरी थारु<br>स्थायी ठेगाना- कोल्हवी गा.वि.स./न.पा. वडा नं. ०३)<br>हालको ठेगाना- बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा., वडा नं. ०७ | ५. **कञ्चनीया थरुनी**<br>ना.प्र.नं.- ५२५/०८८४<br>जारी मिति - २०४१/११/०८, जि.प्र.का. बारा<br>बाबु - टहल चौधरी<br>बाजे - सिवाई चौधरी<br>स्थायी ठेगाना- बारा जिल्ला, सपहि गा.पा., वडा नं. ०७<br>हालको ठेगाना- बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा., वडा नं. ०७<br>६. **यादोलाल प्रसाद चौधरी थारु**<br>ना.प्र.नं.- ५२४/८२९८०८८३<br>जारी मिति - २०२९/०१/०६ जि.प्र.का. बारा<br>बाबु - रामपत चौधरी थारु<br>बाजे - आशा चौधरी<br>स्थायी ठेगाना- बारा जिल्ला, सपही गा.वि.स./न.पा, वडा नं. ०७<br>हालको ठेगाना- बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा., वडा नं. ०७<br>७. **बिनोद चौधरी**<br>ना.प्र.नं.- ३३१६/०९४१<br>जारी मिति - २०४५/०१/०७ जि.प्र.का. बारा<br>बाबु - यादोलाल प्रसाद चौधरी थारु<br>बाजे - रामपत चौधरी थारु<br>स्थायी ठेगाना- बारा जिल्ला, सपही गा.वि.स./न.पा, वडा नं. ०७<br>हालको ठेगाना- बारा जिल्ला, कोल्हवी गा.वि.स./न.पा, वडा नं. ०३ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८३ बैशाख ०६ गते** भित्र बैंकको शाखा कार्यालय जितपुर, बारामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जितपुर, बाराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८३ बैशाख ०७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जितपुर, बारामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जितपुर, बारामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ बैशाख ०७ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय जितपुर, बारा फोन नं. ०५३–४१२२७५**

रंगशाला

प्रधानमन्त्री कप क्रिकेट

## गण्डकीसँग लुम्बिनी प्रदेश पराजित



■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गतको आइतबारको खेलमा गण्डकी प्रदेशले लुम्बिनी प्रदेशलाई पराजित गरेको छ ।

वीरगञ्जको नारायणी रंगशालामा भएको खेलमा गण्डकीले लुम्बिनी प्रदेश आठ विकेटले पराजित गरेको हो । सुरुआती ब्याटिङ गरेको लुम्बिनीले ४५ ओभरमा सबै विकेट गुमाउँदै २०७ रन जोडेको थियो । टोलीका सन्तोष यादवले ७७ बलमा ८२ र सल्लाहद्धिन खानले ७७ बलमा ६० रन जोडेका थिए ।

गण्डकीका वीपिन खत्रीले चार विकेट र अपराजित पौडेलले तीन विकेट लिए । जवाफी ब्याटिङमा उत्रिएको गण्डकीले ४४.१ ओभरमा दुई विकेट गुमाउँदै २११ रन जोडेको थियो । यस टोलीका अर्जुन कुमालले १३० बल खेल्दै १०३ र सिब्रिन श्रेष्ठले ७७ बलमा ४३ रन जोडे । लुम्बिनी प्रदेशका दिनेश बोहरा र सन्तोष यादवले समान एक/एक विकेट लिए । आइतबारको खेलमा गण्डकीका अर्जुन कुमालले 'प्लेयर अफ दि म्याच' घोषित हुँदै पाँच हजार रूपैयाँ पुरस्कार पाए ।

प्रतियोगितामा नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब गरी तीन विभागीय टोली र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टोलीले १० लाख रूपैयाँ र उपविजेताले पाँच लाख रूपैयाँ पुरस्कार प्राप्त गर्ने छन् । प्रतियोगिताको फाइनल खेल आगामी वैशाख ४ गते हुँदै छ ।

## यु–१६ क्रिकेटः बैतडीमा निःशुल्क प्रशिक्षण

**बैतडी (प्रस)–** राष्ट्रिय प्रशिक्षक दीपेन्द्र चन्द तथा पूर्वराष्ट्रिय खेलाडी रवीन्द्र चन्दले १६ वर्षमुनिका क्रिकेट खेलाडीका लागि निःशुल्क प्रशिक्षण सञ्चालन गरेका छन् ।

दशरथचन्द नगरपालिका-५ सुन्दरखालीस्थित मैदानमा आइतबारदेखि सञ्चालन भएको प्रशिक्षणमा ४८ खेलाडी सहभागी छन् । मैदानमा अभ्यास खेल जारी छन् । स्थानीयस्तरमा क्रिकेटको विकास र प्रतिभा पहिचानका निम्ति 'क्लोज क्याम्प' सञ्चालन गरिएको मुख्य प्रशिक्षक चन्दले बताए । जिल्ला क्रिकेट संघले पनि प्रशिक्षणमा सघाउने बताएको छ ।

# रहिनन् भारतीय गायिका भोसले



**मुम्बई–** भारतीय संगीतको स्वरयुग नै परिवर्तन गरेकी प्रख्यात गायिका आशा भोसलेको आइतबार निधन भएको छ । आठ दशकभन्दा बढी समय भारतीय सिनेमा र संगीतलाई आफ्नो स्वरले समृद्ध बनाएकी उनको निधनले सम्पूर्ण कलाजगतलाई शोकमा डुबाएको छ । उनको उमेर ९२ वर्ष थियो ।

मुम्बईस्थित ब्रिच क्याण्डी अस्पतालमा उपचाररत रहँदा उनको निधन भएको चिकित्सक डा. प्रतीत समदानीले पुष्टि गरे । चिकित्सकका अनुसार बहु-अंग विफलताका कारण उनले अन्तिम सास लिएकी हुन् ।

अस्पताल स्रोतअनुसार अत्यधिक थकान र छातीमा संक्रमण भएपछि आशा भोसलेलाई शनिबार साँझ अस्पताल भर्ना गरिएको थियो । उपचार जारी रहे पनि अवस्था जटिल बन्दै गएको चिकित्सकहरूले बताएका थिए ।

यसअघि उनकी नातिनी जनाई भोसलेले सामाजिक सञ्जालमार्फत परिवारका लागि गोपनीयताको अनुरोध गर्दै उनको स्वास्थ्य अवस्थाबारे जानकारी दिएकी थिइन् । उनले अस्पताल भर्ना गरिएको पुष्टि गर्दै उपचार भइरहेको र सुधारको आशा गरिएको उल्लेख गरेकी थिइन् ।

सन् १९३३ मा जन्मिएकी भोसलेले अत्यन्तै सानो उमेरमै आफ्नो संगीत यात्रा सुरु गरेकी थिइन् । सन् १९५० को दशकदेखि उनको स्वर भारतीय चलचित्र संगीतमा अत्यन्त लोकप्रिय बन्दै गएको थियो र क्रमशः उनी विश्वकै सबैभन्दा चर्चित पार्श्व गायिकामध्ये एकका रूपमा स्थापित भइन् ।

उनको स्वरको विशेषता भावनात्मक गहिराइ, अनुकूलनीयता र बहुमुखी प्रतिभा मानिन्छ । शास्त्रीय संगीतदेखि गजल, क्याब्रे, पप र लोकगीतसम्म उनले विभिन्न विधामा आफ्नो स्वरको प्रभाव छोडेकी छन् । भारतका विभिन्न भाषामा हजारौं गीत रेकर्ड गरेर उनले भारतीय संगीतलाई विश्वस्तरमा चिनाउन महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् ।

प्रमुख संगीतकार तथा चलचित्र निर्मातासँगको सहकार्यले हिन्दी चलचित्र संगीतलाई नयाँ उचाइमा पुऱ्याएको मानिन्छ । उनका गीतहरू आज पनि कालजयी मानिन्छन् र नयाँ पुस्तामाझ उत्तिकै लोकप्रिय छन् । उनलाई भारतीय सरकारले प्रतिष्ठित दादासाहेब फाल्के पुरस्कार तथा पद्म विभूषणसहितका उच्च सम्मानले सम्मानित गरेको थियो । सन् २०११ मा गिनिज वर्ल्ड रेकर्डले उनलाई संगीत इतिहासमा सबैभन्दा धेरै रेकर्ड गरिएको कलाकारका रूपमा मान्यता दिएको थियो ।

जीवनको उत्तरार्द्धसम्म पनि आशा भोसले संगीतसँग निरन्तर जोडिएकी थिइन् । कहिलेकाहीँ सार्वजनिक प्रस्तुति दिँदै उनले युवा कलाकारहरूलाई प्रेरणा दिइरहेकी थिइन् । भारतीय संगीतमा महिला स्वरको पहिचान विस्तार गर्न र पार्श्व गायनलाई नयाँ परिभाषा दिन उनको योगदान अतुलनीय मानिन्छ ।

उनका लोकप्रिय गीतहरूमा 'दिल चीज क्या है', 'पिया तु अब तो आजा', 'मेरा कुछ सामान' र 'चुरा लिया है तुमने' जस्ता कालजयी रचना समावेश छन्, जसले उनको बहुआयामिक प्रतिभालाई उजागर गर्छ । उनको निधनको खबर फैलिँदा भारतभर तथा अन्तर्राष्ट्रियस्तरमा पनि शोक व्यक्त गरिएको छ । प्रशंसक, कलाकार र विभिन्न क्षेत्रका व्यक्तित्वहरूले उनको योगदानलाई स्मरण गर्दै भारतीय संगीतमा उनको स्थान अपूरणीय रहेको बताएका छन् । *रासस/एएनआई*

## Kawasoti Municipality

**Office Of The Municipal Executive**

**Gandaki Province, Nawalparasi (Eastern B.S.), Nepal**

## Invitation for Bids

**First Date of Publication: 2082/12/10**

**Second Date of Publication:2082/12/30**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under Sealed Quotation (SQ).

| S. N. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 03/KM/SQ/ WORKS/2082/83 | Saraswati Ma.Vi Mosaic Tile Nirman Kawasoti-4 | 1,032,297.15 | 2083/01/15, BS) Upto 12Hr | 75 days | 32,000 | 1,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउसको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः** २०८२/१२/३०

बागमती प्रदेश, भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिकामा डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउस पब्लिक लिमिटेड द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | **डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउस पब्लिक लिमिटेड सूर्यविनायक नगरपालिका वडा नं. ८, सिपाडोल, भक्तपुर जिल्ला, बागमती प्रदेश** | |
|---|---|---|
| प्रस्तावको व्यहोरा | **प्रस्तावः डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउस मुख्य विशेषता :** | |
| | आयोजना रहने जग्गाको कूल क्षेत्रफल : | ३,९०१ वर्ग मि. (७-१०-२-३) . |
| | कित्ता नं. | ६८९, ७०८, ७०९, १३१६ |
| | आयोजनाको उद्देश्यः | रिसोर्टको स्तरोन्नती तथा सञ्चालन |
| | जम्मा कोठा तथा बेड क्षमता | ४३ कोठामा ६८ बेड |
| **प्रभाव पार्न सक्ने जिल्ला/न.पा.:** भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका वडा नं. ८, सिपाडोल | | |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सिलसिलामा, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम (७) उपनियम (२) को प्रावधान अनुसार राय सुझाब सङ्कलन प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छाउक्त प्रस्ताव (रिसोर्टको स्तरोन्नती तथा सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझावहरु पठाउनु हुन सम्बन्धित स्थानीय, सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं।

**राय सुझाव पठाउने ठेगाना :**

**सम्बन्धित नगरपालिकाः**
सूर्यविनायक नगरपालिका वडा नं.८,
भक्तपुर, बागमती प्रदेश
फोन नंः +९७७ ०१ ६६१९६२५
इमेलःofficial@suryabinayakmun.gov.np

**प्रस्तावकः**
डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउस पब्लिक लिमिटेड
सूर्यविनायक न.पा. वडा नं. ८,
भक्तपुर, बागमती प्रदेश,
फोन नंः ९८५१३११९३१

**परामर्शदाता**
जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट, काठमाडौं,
फोन नंः ०१-५९१४३५४
इमेल info.jerc@gmail.com

## Kawasoti Municipality

***Office of the Municipal Executive***

**Nawalparasi, East of Bardaghat susta**

**Gandaki Province, Nepal**

## Invitation for Bids

**Date of publication; 13th April, 2026 (2082/12/30 BS)**

1. Kawasoti Municipality invites Electronic Bids from eligible bidders for the **following works,**

| Identification N0. | Description of work, Location of work | Cost of Bidding Document Nrs.(aantarik rajsawa khata) | Bid Bond Amount Nrs. (cash on Dharauti Khata) or 90 days bank BID BOND | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Estimate Amount (With VAT) |
|---|---|---|---|---|---|---|
| 22/KM/NCB/ GOODS/ 2082/83 | Supply and Delivery of Leading Innovative Lab's Material, Kawasoti Municipality Office, Nawalparasi (East) | 3000 | 99000 | 13th May, 2026 (2083/01/30 BS) 12:00 pm | 13th May,2026 (2083/01/30 BS) 1:00 pm | 39,32,475.71 |

2. Eligible Bidders may obtain further information from office of Kawasoti Municipality (phone no 9843500711 at office time) or may visit **PPMO** website **www.bolpatra.gov.np/egp.**

3. Kawasoti municipality, **Dharauti Account no. 3200100303000003 Ra.ba bank, branch kawasoti and Aantarik Rajsawa Account no. 3200100301010003 Ra.ba Bank, branch kawasoti.**

**Chief Administrative Officer**



चीनको झेजियाङ प्रान्तको युयाओ सहरस्थित चिया बगानमा चियाको पात टिप्दै किसान । *तस्विर: सिन्हवा*

# रेकर्ड यात्रा सकेर आर्टेमिस टोलीको घर फिर्ती



**हृयुस्टन–** मानव अन्तरिक्ष अन्वेषणको नयाँ अध्याय खोल्दै चन्द्रमाको परिक्रमा गरेर फर्किएको आर्टेमिस द्वितीय अभियानका चार अन्तरिक्षयात्री ऐतिहासिक रेकर्डसहित शनिबार हर्षोल्लासपूर्ण वातावरणमा घर फर्किएका छन् । गहिरो अन्तरिक्षमा अहिलेसम्मकै सबैभन्दा टाढाको मानव यात्रा पूरा गरी उनीहरू नासाको हृयुस्टनस्थित केन्द्रमा अवतरण गर्दा स्वागतका लागि ठूलो जमघट भएको थियो ।

सान डिएगोको समुद्री क्षेत्रमा सफल अवतरणपछि उनीहरूलाई त्यहाँबाट उडाएर जोनसन स्पेस सेन्टर नजिकैको एलिंगटन फिल्डमा ल्याइएको थियो । अवतरणपछि सबैभन्दा पहिले परिवारसँग भावुक भेटघाट गरेका कमाण्डर रिड वाइसम्यान, पाइलट भिक्टर ग्लोभर, अन्तरिक्षयात्री क्रिस्टिना कोच र क्यानाडाका जेरेमी हृयानसेनले त्यसपछि स्वागत कार्यक्रममा सहभागी हुँदै आफ्नो अनुभव बाँड्ने ।

नासाका प्रशासक जारेड इसाकम्यानले उनीहरूलाई औपचारिकरूपमा सार्वजनिकरूपमा प्रस्तुत गर्दै टोलीप्रति सम्मान व्यक्त गरे । कार्यक्रममा नासाका उच्च अधिकारीहरू, उडान तथा प्रक्षेपण निर्देशकहरू, सैन्य अधिकारीहरू, सांसदहरू र वर्तमान तथा पूर्वअन्तरिक्षयात्रीहरूको उपस्थिति थियो, जसले वातावरणलाई अझ विशेष बनाएको थियो ।

उनीहरूको घर फर्काइ एउटा ऐतिहासिक सन्दर्भसँग समेत जोडिएको थियो । आर्टेमिस टोली अपोलो १३ को प्रक्षेपण भएको ५६औं वार्षिकोत्सवकै दिन हृयुस्टन फर्किएको हो, जुन मिसन 'हृयुस्टन, हामीलाई समस्या परेको छ' भन्ने ऐतिहासिक सन्देशका कारण चर्चित बनेको थियो । त्यो कठिन क्षणलाई सफलतामा परिणत गरेको स्मरणसँगै नयाँ पुस्ताका अन्तरिक्षयात्रीहरूको उपलब्धि जोडिनु प्रतीकात्मक मानिएको छ ।

कमाण्डर वाइसम्यानले आफ्नो अनुभव सुनाउँदै अन्तरिक्ष यात्रा भावनात्मक रूपमा चुनौतीपूर्ण रहेको बताए । उनले प्रक्षेपणअघि यो सपनाजस्तो लागे पनि अन्तरिक्षमा पुगेपछि पृथ्वी र आफ्ना प्रियजनहरूसँग फर्कने चाहना झन् प्रबल हुने अनुभव सुनाउनुभयो । पाइलट ग्लोभरले आफूले भोगेको अनुभव अझै पूर्णरूपमा आत्मसात् गर्न नसकेको प्रतिक्रिया दिए ।

अर्कोतर्फ, हृयानसेनले यो यात्रालाई मानवता र सहकार्यको प्रतिविम्बका रूपमा व्याख्या गरे । उनका अनुसार टोलीले आपसी विश्वास र प्रेमबाट शक्ति लिँदै यात्रा सम्पन्न गरेको हो । कोचले भने पृथ्वीलाई अन्तरिक्षबाट हेर्दा आएको अनुभूति वर्णन गर्दै ब्रह्माण्डको विशाल कालोपनबीच हाम्रो ग्रह जीवन बोकेको एउटा सानो आश्रयजस्तो देखिएको बताए ।

करिब १० दिन लामो यस अभियानमा अन्तरिक्षयात्रीहरूले पृथ्वीबाट अधिकतम् दुई लाख ५२ हजार ७५६ माइल (चार लाख छ हजार ७७१ किलोमिटर) दूरी पार गर्दै नयाँ कीर्तिमान कायम गरेका छन् । यो अपोलो १३ को पुरानो रेकर्डभन्दा बढी हो । चन्द्रमाको पछाडि पुगेर यू-टर्न गर्दै फर्कने क्रममा उनीहरूले मानव आँखाले पहिले नदेखेका दृश्यहरू कैद गरेका थिए । पूर्ण सूर्यग्रहणको दृश्यले यात्रालाई अझ अद्वितीय बनाएको थियो ।

यस क्रममा खिचिएको 'अर्थसेट' तस्बिर विशेष चर्चामा छ, जसमा निलो पृथ्वी खैरो चन्द्रमाको पछाडि देखिन्छ । यो तस्बिरले सन् १९६८ मा अपोलो ८ द्वारा खिचिएको प्रसिद्ध 'अर्थराइज' तस्बिरको सम्झना दिलाएको छ ।

यद्यपि, यस्तो ऐतिहासिक सफलताबीच केही चुनौती पनि देखिएका थिए । यात्राका क्रममा अन्तरिक्ष यानको शौचालयमा समस्या देखिएको थियो, जसलाई नासाले आगामी लामो चन्द्र अभियानअघि समाधान गर्ने प्रतिबद्धता जनाएको छ ।

यो अभियान सन् १९७२ मा अपोलो १७ पछि पहिलोपटक मानवलाई चन्द्र कक्षासम्म पुऱ्याउने उपलब्धि बनेको छ । अपोलो युगमा २४ जना अन्तरिक्षयात्री चन्द्रमासम्म पुगेका थिए, जसमा १२ जनाले चन्द्र सतहमा पाइला टेकेका थिए । आर्टेमिस कार्यक्रमअन्तर्गत नासाले अब थप महत्त्वाकांक्षी योजनाहरू अघि बढाइरहेको छ । अर्को वर्ष आर्टेमिस तृतीयअन्तर्गत चन्द्र अवतरणको तयारी भइरहेको छ भने २०२८ मा आर्टेमिस चतुर्थमार्फत चन्द्रमाको दक्षिणी ध्रुव नजिकै अवतरण गर्ने लक्ष्य राखिएको छ । नासाका प्रशासक इसाकम्यानले लामो अन्तरालपछि मानव चन्द्र यात्राको पुनरागमन भएको उल्लेख गर्दै नयाँ युगको सुरुआत भएको बताए । उनका अनुसार ५३ वर्षपछि यस्तो उपलब्धिले अन्तरिक्ष अन्वेषणमा नयाँ ऊर्जा थपेको छ । *रासस/एपी*

# इरान-अमेरिका वार्ता निष्कर्षविहीन




**इस्लामावाद–** मध्यपूर्वमा चर्किंदै गएको युद्ध अन्त्य गर्ने उद्देश्यले पाकिस्तानको मध्यस्थतामा भएको इरान र संयुक्त राज्य अमेरिकाबीचको लामो वार्ता कुनै ठोस सहमतिविना टुंगिएको छ । २१ घण्टासम्म चलेको म्याराथन छलफलपछि अमेरिकी उपराष्ट्रपति जेडी भान्सले आइतबार वार्ता निष्कर्षविहीन बनेको जानकारी दिए ।

वार्तापछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले वासिङ्टनले तेहरानसँग आणविक हतियार विकास नगर्ने 'मौलिक प्रतिबद्धता' खोजेको भए पनि त्यसतर्फ स्पष्ट संकेत नदेखिएको बताए । सन् १९७९ को इस्लामिक क्रान्तिपछि उच्चस्तरीयरूपमा भएको यस्तो संवादलाई महत्त्वपूर्ण मानिए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेन । उनका अनुसार अमेरिकाले इरानलाई 'अन्तिम र उत्तम प्रस्ताव' दिएको छ र त्यसबारे निर्णय लिन केही समय प्रदान गरिएको छ ।

यसैबीच, संयुक्त राज्य अमेरिका र इजरायलले मंगलबारदेखि दुई साताका लागि वार्ता स्थगित गर्ने संकेत दिएका छन् । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको द्वन्द्वले मध्यपूर्व क्षेत्रलाई अस्थिर बनाउनुका साथै विश्व अर्थतन्त्रमासमेत असर पारेको छ । आक्रमणपछि इरानले प्रतिशोधात्मक कदम चालेपछि तनाव झनै चुलिएको हो ।

वार्ताका क्रममा दुवै पक्ष आ-आफ्ना कडा अडानसहित प्रस्तुत भएका थिए । अमेरिकाले हर्मुज जलडमरूमध्य क्षेत्रमा माइन हटाउन युद्धपोत पठाएको दाबी गर्दै दबाब सिर्जना गरिरहेको आरोप इरानी पक्षले लगाएको छ । उक्त जलडमरूमध्य विश्वको करिब पाँचौं भाग तेल आपूर्तिको प्रमुख मार्ग मानिन्छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने वार्ताको परिणामप्रति आफूलाई खास चासो नभएको प्रतिक्रिया दिएका छन् । उनले युद्धमैदानमा अमेरिका पहिले नै विजयी भइसकेको दाबी गर्दै इरानी नेतृत्वलाई कमजोर पारिएको र सैन्य संरचनामा क्षति पुऱ्याइएको उल्लेख गरे । 'सम्झौता भए पनि नभए पनि फरक पर्दैन, हामीले जितिसकेका छौं,' उनले भने ।

उता इरानले भने कुनै पनि सम्भावित सम्झौतामा आफ्ना जफत गरिएका सम्पत्ति फुकुवा हुनुपर्ने र लेबनानमा हिजबुल्लाहविरुद्धको इजरायली आक्रमण रोकिनुपर्ने माग राखेको छ । तर भान्सले ती विषयहरू इस्लामावाद वार्ताको दायराभन्दा बाहिर रहेको स्पष्ट पारे ।

वार्तामा इरानी प्रतिनिधिमण्डलको नेतृत्व संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले गरेका थिए भने विदेशमन्त्री अब्बास अराघची पनि सहभागी थिए । अमेरिकी टोलीमा ट्रम्पका निकट सहयोगी स्टिभ विटकफ र जारेड कुशनरसमेत सहभागी थिए । इरानले विशेषतः भान्सको उपस्थिति र विगतमा युद्धविरोधी धारणा राखेकाले वार्ताप्रति केही अपेक्षा गरेको थियो ।

युद्ध सुरु भएसँगै इरानले हर्मुज जलडमरूमध्यमाथि नियन्त्रण कायम गर्दै विश्व तेल बजारमा प्रभाव पारेको छ । तेलको मूल्यवृद्धिले अमेरिकामासमेत राजनीतिक दबाब सिर्जना गरेको छ । अमेरिकी सेनाले जलडमरूमध्य सुरक्षित बनाउने प्रयास गरिरहेको दाबी गरे पनि इरानले त्यस्तो कुनै गतिविधि स्वीकार गरेको छैन र हस्तक्षेप भए कडा जवाफ दिने चेतावनी दिएको छ । *रासस/एएफपी*

## युद्धविराम कायम राख्न अपिल

**इस्लामावाद–** अमेरिका र इरानबीच शान्ति वार्ता निष्कर्षविहीन बनेपछि क्षेत्रीय तनाव थप चर्किने संकेत देखिएको छ । यस्तो अवस्थामा पाकिस्तानले दुवै पक्षलाई युद्धविराम कायम राख्दै संवादलाई निरन्तरता दिन आग्रह गरेको छ ।

पाकिस्तानका विदेशमन्त्री इशाक दारले आइतबार दिएको वक्तव्यमा शान्तिपूर्ण समाधानको विकल्प अझै खुला रहेको उल्लेख गर्दै दुवै देशलाई सकारात्मक भावनाका साथ वार्तामा संलग्न रहन आग्रह गरे । उनले क्षेत्रीय मात्र नभई विश्वव्यापी स्थायित्वका लागि पनि युद्धविरामको प्रतिबद्धता कायम राख्नु अत्यन्त आवश्यक रहेको बताए ।

दारका अनुसार पाकिस्तानले इस्लामिक गणतन्त्र इरान र संयुक्त राज्य अमेरिकाबीच संवादको वातावरण निर्माण गर्न सक्रिय भूमिका खेलेको छ र आगामी दिनहरूमा पनि सहजीकरण जारी राख्ने छ । उनले शान्ति वार्तामा सहभागी हुन पाकिस्तानको निमन्त्रणालाई स्वीकार गरेकोमा दुवै देशप्रति आभार व्यक्त गरे ।

उनले यसअघि पाकिस्तानका प्रधानमन्त्री मुहम्मद शाहबाज सरिफले तत्काल युद्धविरामको आह्वान गर्दै इस्लामाबादमा वार्ताका लागि दिएको निमन्त्रणालाई दुवै पक्षले सकारात्मकरूपमा लिएको उल्लेख गरे । यसलाई क्षेत्रीय कूटनीतिमा महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ ।

'इस्लामावाद वार्ता'का रूपमा चिनिएको उक्त उच्चस्तरीय बैठकमा दुवै देशका शीर्ष अधिकारीहरूको अभूतपूर्व सहभागिता रहेको थियो । अमेरिकी टोलीको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गरेका थिए भने इरानी पक्षको नेतृत्व संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले गरेका थिए ।

दारले आफूले चिफ अफ डिफेन्स फोर्स र सेना प्रमुख फिल्ड मार्शल सैयद असीम मुनीरसँग मिलेर करिब २४ घण्टा लामो गहन र बहुपक्षीय छलफलमा मध्यस्थता गरेको जानकारी दिए । उनका अनुसार वार्ता आइतबार बिहान टुंगिएको हो, तर अपेक्षित सहमति भने जुट्न सकेन ।

वार्ता असफल भएसँगै अमेरिकी उपराष्ट्रपति भान्स इस्लामाबादबाट प्रस्थान गरेको छ । वार्तामा मुख्य विवादका विषयहरू इरानको आणविक कार्यक्रम र हर्मुज जलडमरूमध्यको नियन्त्रणसँग सम्बन्धित थिए ।

भान्सले पत्रकारहरूसँग कुरा गर्दै केही विषयमा प्रगति भए पनि अन्ततः कुनै औपचारिक सम्झौता हुन नसकेको बताए । उनले यो अवस्था विशेषगरी इरानका लागि प्रतिकूल भएको टिप्पणी गरे, यद्यपि यसले अमेरिकालाई पनि असर पार्ने स्वीकार गरे । यस घटनाक्रमले कूटनीतिक प्रयासहरू जारी रहे पनि आपसी अविश्वास र रणनीतिक मतभेदका कारण तत्काल समाधानको सम्भावना कमजोर देखिएको संकेत गरेको छ । *रासस/एएनआई*

# कूटनीतिबाट सैन्य लक्ष्य पूरा हुँदैनः इरान

**टोकियो–** अमेरिका-इरान तनावबीच कूटनीतिक वार्ताको औचित्यमाथि प्रश्न उठाउँदै जापानस्थित इरानी दूतावासले सैन्य आक्रमणबाट हासिल गर्न नसकिएका उद्देश्यहरू कूटनीतिका माध्यमबाट थोपर्न नसकिने स्पष्ट पारेको छ । इस्लामाबादमा भएको हालैको वार्तापछि सार्वजनिक धारणा तीव्र भइरहेका बेला इरानले आफ्नो अडान पुनः दोहोऱ्याएको हो ।

दूतावासले सामाजिक सञ्जाल एक्समार्फत जारी गरेको वक्तव्यमा अमेरिकी उपराष्ट्रपति जेडी भान्सले अघि सारेको 'अन्तिम र उत्कृष्ट प्रस्ताव' लाई एकपक्षीयरूपमा प्रस्तुत गरिएको भन्दै अस्वीकार्य ठहर गरेको छ । उक्त प्रस्ताव स्वभावतः पारस्परिक हुनुपर्ने भन्दै इरानले यसलाई कुनै एक पक्षले दबाब सिर्जना गर्ने औजारका रूपमा प्रयोग गर्न नसकिने जनाएको छ ।

वक्तव्यमा इरानले भान्सको 'इरानले हाम्रो सर्त स्वीकार नगर्ने छनोट गरेको छ' भन्ने अभिव्यक्तिलाई पनि जबरजस्ती तर्कको संज्ञा दिएको छ । दूतावासका अनुसार यस्तो धारणा अर्को पक्षलाई युद्धमैदानमा असफल भएका मागहरू स्वीकार गर्न बाध्य पार्ने प्रयास हो, जुन कूटनीतिक सिद्धान्तविपरीत छ । साथै, पछिल्लो द्वन्द्वको सुरुआत इरानबाट नभई अन्य पक्षबाट भएको दाबीसमेत गरिएको छ ।

इरानले भान्सका अभिव्यक्तिहरूले अन्तर्राष्ट्रिय समुदायमा थप गम्भीर र आलोचनात्मक बहस आवश्यक बनाएको उल्लेख गरेको छ । 'इरानका लागि नराम्रो खबर' भन्ने टिप्पणीलाई लक्षित गर्दै दूतावासले त्यसको यथार्थ मूल्यांकन हुनुपर्ने बताएको छ । साथै, वार्ता आयोजना र सहजीकरणमा भूमिका खेलेको पाकिस्तानप्रति इरानले कृतज्ञता व्यक्त गरेको छ ।

यसैबीच, क्षेत्रीय तनाव अझ चर्काउने संकेत देखिएका छन् । अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम) ले आफ्ना दुई युद्धपोत युएसएस फ्रान्क ई. पिटरसन (डिडिजी १२१) र युएसएस माइकल मर्फी (डिडिजी ११२) ले हर्मुज जलडमरूमध्य पार गर्दै खानी सफा गर्ने तयारी थालेको जनाएको छ । उक्त कदमलाई उसले जलमार्ग सुरक्षित बनाउने व्यापक अभियानको हिस्सा बताएको छ ।

तर इरानले अमेरिकी दावीलाई तत्काल अस्वीकार गरेको छ । इरानी सेनाको खताम अल-अन्बिया केन्द्रीय मुख्यालयका प्रवक्ताले कुनै पनि अमेरिकी जहाज उक्त क्षेत्रमा प्रवेश गरेको दाबी असत्य रहेको बताएका छन् । उनका अनुसार हर्मुज जलडमरूमध्यमा जहाजहरूको आवागमन पूर्णरूपमा इरानका सशस्त्र बलको नियन्त्रणमा रहेको छ । दुवै पक्षबीच बढ्दो आरोप-प्रत्यारोपले कूटनीतिक समाधानको सम्भावनालाई थप जटिल बनाइरहेको विश्लेषण गरिएको छ, जहाँ वार्ताभन्दा बढी शक्ति प्रदर्शनले प्राथमिकता पाएको संकेत देखिन्छ । *रासस/एएनआई*


**साउदीमा रोजगार** कम्पनी : QAWS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/२९ | LT. No. 331671 | चलानी नं. ६०२४५४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1500 | ५९,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ८ गते (21st April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : BCT SECURITY SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/२९ | LT. No. 331854 | चलानी नं. ६०२४५८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 45 | 0 | 1700 | ६३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ७ गते (20th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Recruitment Group Pvt.Ltd. (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

**ॐ साई कृषि सहकारी संस्था लि.**
ल.पु.म.न.पा. वडा नं.१२ लगनखेल ललितपुर को नं. ०१५४२९८३४

**धितो लिलाम सम्बन्धित ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८२/१२/३०)

यस सहकारी संस्थाबाट ऋण लिनु भएका तपशिलमा उल्लेखित ऋणीहरूले कर्जा लिंदा गरिदिएको लिखित र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता र हर्जनाको रकम नतिरेको हुदा तपाईंहरूको नाममा पटक पटक संस्थाको तर्फबाट मौखिक तथा लिखित तरताकेता एवम् राष्ट्रियस्तरको दैनिक पत्रिका प्रभाव दैनिकमा सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्नतर्फ कुनै सोच नदेखिएको हुँदा धित्तो लिलाम सम्बन्धी यो सार्वजनिक सूचना जारी गरिएको छ । उक्त कर्जा र सोमा लाग्ने साँवा, ब्याज हर्जना रकम तथा लिलाम हुने मितिसम्मको अन्य दस्तुरसमेत आजको मितिले ३५ दिन भित्र सम्बन्धित ऋणी स्वयम् वा प्रतिनिधिमार्फत चुक्ता गर्न आउनुहोला । अन्यथा सहकारी ऐन २०७४ एवम् सहकारी नियमावली २०७५ र अन्य प्रचलित कानुन बमोजिम संस्थाको लेना रकम असुलउपर गर्नको लागि सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिम यस संस्थाको नाममा धित्तो दृष्टि बन्धक रहेको अचल सम्पत्ति (धितो) जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा वा सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन संस्थाको कार्यालय लगनखेलमा लिलाम हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । लिलाम हुदा संस्थाको लेना रकम नपुग भएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चलअचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने छ । लिलाम सकार गर्ने व्यक्तिफर्म वा कम्पनीले लिलाम सकार गर्दा लिलाम कबुल गरेको मुल्यको १०% रकम सोही बखतमा धरौटी बापत बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिनभित्रमा चुक्ता गर्नु पर्नेछ । बाँकी रकम ७ दिनभित्र चुक्ता नगरे उक्त धरौटी रकम जफत गरिनेछ । धितो लिलाम प्रकृयामा कोही पनि सहभागी नभएमा संस्था आफैले उक्त धितो सकार गरी सम्बन्धित कार्यालय मार्फत दाखिला खारेज गरिने व्यवहोरा जानकारी गराइन्छ । धितो लिलाम सकार हुँदा हाम्रो सम्पत्ति कम मूल्यमा वा यथोचित मूल्याङ्कन नगरी लिलाम सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन भन्ने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सूचना बाट जानकारी गराइन्छ ।

**तपशिल**
**ऋणीको तथा व्यक्तिगत धन जमानीवालाको नाम, थर र ठेगाना**

| ऋणीको तिन पुस्ते विवरण | धनजमानी दिनेहरू | धित्तोमा रहेको सम्पतिको विवरण |
|---|---|---|
| **नाम : रजविर बोहोरा**<br>बाबु राम शरण बोहोरा<br>हजुर बुबा : गोपाल बहादुर बोहोरा<br>ना.प्र. नं.: ३२६५ | **नाम: रनविर बोहोरा**, ना.प्र. नं.: ९६८५<br>बाबु राम शरण बोहोरा<br>हजुर बुबा गोपाल बहादुर बोहोरा<br>**नाम : सावित्री बोहोरा**, ना.प्र. नं.: ४५६९<br>ससुरा : गोपाल बहादुर बोहोरा<br>पति : राम शरण बोहोरा | रजविर बोहोरा, रनविर बोहोरा र सावित्री बोहोराको संयुक्त नाममा मालपोत कार्यालय चावहिल काठमाडौंमा दर्ता कायम रहको मुलपानी सीट गा.वि.स.वडा नं.३ नं.३क को कित्ता नं.७५९ को क्षेत्रफल ०-११-०-० मा रहेको घर जग्गा एवम् सम्पूर्ण लिगलगापात समेत । |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९७१०० | प्रति तोला – ० | प्रति तोला – ४९७५ |



**मनाङ मर्स्याङ्दीजलविद्युत आयोजना** | मनाङको चामे गाउँपालिका–३ स्थित १३५ मेगावाट क्षमताको मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाले निर्माण गरिरहेको जलाशय (ड्याम) । तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य लिएको चिनियाँ कम्पनीले एक वर्षमा ४३ प्रतिशत काम सम्पन्न गरेको छ । *तस्बिरः रासस*

## आर्थिक गणनाको तयारी पूरा

- आगामी वैशाख २ गतेदेखि देशभर आर्थिक गणनाको काम सुरू हुने
- स्थलगत तथ्यांक संकलनको काम आगामी असारको पहिलो साताभित्र सम्पन्न हुने
- गणनाका लागि करिब पाँच हजार जनशक्ति परिचालित
- आर्थिक क्षेत्रका १८ वटा क्षेत्रको आधारभूत विवरण संकलन गरिने




■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो आर्थिक गणनाको तयारी अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय तथ्यांक कार्यालयले देशभर गणक तथा आवश्यक सुरपरीवेक्षक परिचालित भई सम्बन्धित क्षेत्रमा पुगिसकेको जानकारी दिएको छ ।

आगामी वैशाख २ गतेदेखि देशभर आर्थिक गणनाको काम सुरु हुने छ । कार्यतालिकाअनुसार स्थलगत तथ्यांक संकलनको काम आगामी असारको पहिलो साताभित्र सम्पन्न हुने छ । गणनाका लागि करिब पाँच हजार जनशक्ति परिचालित भएका छन् ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले दोस्रो आर्थिक गणनामा सक्रिय सहभागिता जनाउन सबै उद्योग प्रतिष्ठान, उद्योगी व्यवसाय तथा सरोकार भएकाहरूलाई आग्रह गरेका छन् । उनले मुलुकको समग्र औद्योगिक एवं आर्थिक क्षेत्रसँग जोडिएको तथ्यांक संकलनको महत्त्वपूर्ण कार्यमा योगदान गर्न अनुरोध गरेका छन् ।

सो गणनामा आर्थिक क्षेत्रका १८ वटा क्षेत्रको आधारभूत विवरण संकलन हुने छ । गणनाबाट उद्योग, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी क्षेत्र सार्वजनिक संस्थाको संख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण संकलनको उद्देश्य राखिएको छ ।

देशभर रहेका दर्ता भए, नभएका ठूला साना, व्यापार प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार प्रतिष्ठानको तथ्यांक संकलन गरिने छ । त्यस्तै, उद्योग, कलकारखाना, व्यापार र व्यवसाय, गैरसरकारी संघसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताललगायतको गणना गरिने छ ।

आर्थिक गणना तयारीको पूर्वचरणका काम गत फागुन मसान्तमा सम्पन्न भएको थियो । यस्तै, यही चैतको सुरुमा नै ७७ जिल्ला र थप सात गरी ८४ कार्यालय स्थापना गरिएको छ । ती कार्यालय आगामी असार मसान्तसम्म सञ्चालन हुने छ ।

तथ्यांक कार्यालयले सबै सरोकार भएकालाई सही र पूर्ण विवरण उपलब्ध गराएर अभियानलाई सफल बनाउन आग्रह गरेको छ । आर्थिक गणना राष्ट्रिय अभियान भएकाले यसमा सबैको सक्रिय सहभागिता जरुरी रहेको कार्यालयले स्पष्ट पारेको छ ।

यसअघि २०७५ सालमा राष्ट्रिय आर्थिक गणना गरिएको थियो । सो गणनामा देशभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान एवं व्यवसाय सञ्चालनमा रहेका विवरण सार्वजनिक भएको थियो ।

## ढोरपाटनमा पर्यटक सूचना केन्द्र स्थापना

**गलकोट (बागलुङ)–** मुलुकको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पर्यटकको सहजताका लागि पर्यटन सूचना केन्द्र निर्माण गरिएको छ । बिवाइसी बागलुङअन्र्तगत दिगो पर्यटन प्रवर्द्धन परियोजनाको ७४ लाख रूपैयाँको लागतमा पर्यटक सूचना केन्द्र स्थापना गरिएको हो ।

सूचना केन्द्रमा सिकार आरक्षका गतिविधि, सिकारको जानकारी तथा नाउर, झारल, रेडपाण्डालगायत जनावरको खाग तथा छालाका वस्तुका बारेमा जानकारीसमेत राखिएको ढोरपाटन सिकार आरक्ष कार्यालयले जनाएको छ । कार्यालय परिसरमा उक्त पर्यटन सूचना केन्द्रको भवन निर्माण गरी सञ्चालनमा ल्याउने तयारी गरिएको जनाउँदै यसले पर्यटकलाई सही सूचना प्रदान गर्ने बिवाइसी बागलुङका सचिव विक्रम पौडेलले विश्वास व्यक्त गरे ।

यहाँ आउने पर्यटकलाई ढोरपाटनमा रहेका नाउर, झारल, डाँफे, रेडपाण्डालगायत विभिन्न जनावरका बारेमा जानकारी दिने उद्देश्यले बृहत् सूचना केन्द्र स्थापना गरिएको पौडेलले जानकारी दिए । उनका अनुसार ढोरपाटनमा सिकार खेल्न विदेशी सिकारी हेलिकप्टर चार्टर गरेर आउने गरेका छन् भने आन्तरिक पर्यटक स्थलमार्गमार्फत भ्रमण तथा अवलोकनमा आउने गरेका छन् ।

यसलाई लक्षित गरी दिगो पर्यटन प्रवर्द्धन परियोजनामार्फत ७४ लाख रूपैयाँ लागतमा सिकार आरक्षको मुख्य कार्यालय परिसरमा सूचना केन्द्र निर्माण गरिएको जनाउँदै बिवाइसीका सचिव पौडेलले भवन तयार भइसकेकाले अन्य आवश्यक संरचना थालिएको बताए । उनका अनुसार सम्पूर्ण काम सम्पन्न भएपछि सिकार आरक्षलाई हस्तान्तरणपश्चात् सूचना केन्द्र सञ्चालनमा आउने छ ।

भवन हस्तान्तरण भएर सिकार आरक्ष मातहतमा आएपछि आरक्षको मुख्यालयमा भएको संग्रहालय तथा सूचना केन्द्रका सामग्री यहाँ राखिने छ भने परियोजनाले डिजिटल सूचना बोर्डमा आरक्षका गतिविधि राख्ने तयारी गरिरहेको छ ।

सूचना केन्द्रमा जंगली जनावरको संख्या, सिकार गरिएका जनावरको संख्या, पर्यटकको संख्या, नाउर तथा झारलको डमी (रूपांकन) र डिजिटल सूचना बोर्ड राखिने ढोरपाटन सिकार आरक्षका रेञ्जर सागर सुवेदीले जानकारी दिए । विशेषगरी सिकार खेल्न अनुमतिप्राप्त नाउर तथा झारलको अवशेष, छालालगायत जानकारी राखिने उनको भनाइ छ ।

ढोरपाटन नगरपालिका-९ मा आकर्षक पर्यटकीय केन्द्र निर्माणका लागि ठेक्का सम्झौता भइसकेको रेञ्जर सुवेदीले जानकारी दिए । उनका अनुसार पहिलो चरणमा पर्यटन सूचना केन्द्र भवन निर्माणका लागि श्री डोलेश्वर महादेव निर्माण प्रालिसँग सम्झौता भएको छ ।

ढोरपाटनमा आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ जना आन्तरिक र बाहय पर्यटक भित्रिएका जनाउँदै सोबाट १९ लाख रूपैयाँ राजस्व संकलन भएको आरक्ष कार्यालयका संरक्षण अधिकृत मन्दीप पंगेनीले उल्लेख गरे । *रासस*

## विमानस्थलका विद्युत् पोल नहट्दा सडक निर्माण प्रभावित

**गण्डकी–** पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा लगिएको ११ केभी डेडिकेटेड विद्युत् लाइनका पोल नहट्दा पोखरा-मुग्लिन सडक आयोजनाअन्तर्गत पोखरा खण्डको निर्माण प्रभावित भएको छ । कुँडहरमा रहेको विद्यत् सबस्टेसनबाट विमानस्थलको प्रवेशमार्गसम्मका २९ वटा पोल नहट्दा सडकको सर्विस लेन र फुटपाथ निर्माण हुन नसकेको हो ।

सडक आयोजनाका प्रमुख इञ्जिनियर कृष्णबहादुर कुँवरले विद्युत्का पोल हटाउन पटक-पटक विमानस्थल कार्यालय र नेपाल विद्युत् प्राधिकरणलाई पत्राचार गरिए पनि कुनै सुनुवाइ नभएको बताए । विमानस्थलले कुँडहरचोकबाट आफ्नै संरचना बनाएर डेडिकेटेड लाइनमार्फत लगेको विद्युत् उपयोग गर्दै आएको छ ।

उक्त स्थानमा विद्युतीय तार भूमिगत गर्न संरचना बनाएबापतको भुक्तानी विमानस्थल कार्यालयबाट नहुँदासम्म विद्युत् पोल हटाउन नसकिने जानकारी प्राधिकरणले दिएको इञ्जिनियर कुँवरले बताए । नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीले विमानस्थल क्षेत्रमा तार भूमिगत गर्न संरचना तयार भइसके पनि विमानस्थलले भुक्तानी नदिएसम्म सेवा सञ्चालन गर्न नसकिने उल्लेख गरे ।

> निर्माणको भुक्तानी नआएसम्म भूमिगत विद्युतीय लाइन सञ्चालनमा ल्याउँदा पछि कानुनी समस्या पर्न सक्ने भन्दै प्राधिकरणले पहिले विमानस्थलले रकम तिनुपर्ने अडान राख्दै आएको छ । कुँडहरचोकबाट विमानस्थल प्रवेशमार्गसम्मको झण्डै एक किलोमिटर दूरीमा तार भूमिगत गर्नका लागि प्राधिकरणले संरचना निर्माण गरिसकेको छ ।

विमानस्थलले एक करोड ६३ लाख रूपैयाँ प्राधिरणलाई तिनुपर्ने उनको भनाइ छ । 'विमानस्थलको डेडिकेटेड लाइनलाई भूमिगत संरचनामा लैजाँदाको खर्च प्राधिकरणलाई भुक्तानी भएपछि मात्र भूमिगत सेवा सुरु हुन्छ,' उनले भने, 'भूमिगत प्रणाली सञ्चालनमा आएपछि विद्युत् पोल हट्छन्, सडक आयोजनाले आफैं पनि हटाउन सक्छ ।'

भूमिगत लाइन सुरु नभएका कारण विमानस्थलमा अहिले पुरानै संरचनाको विद्युत् सेवा सञ्चालनमा छ । प्राधिकरणका इञ्जिनियर सुवेदीले विमानस्थल व्यवस्थापनबाट रकम जम्मा गरिदिने आश्वासनमात्र आउने गरेको बताए । 'यस विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेलसँग शनिबार पोखरामा छलफल भएको छ, मन्त्रालय तहबाट यसको समाधान हुनेमा हामी आशावादी छौं,' उनले भने ।

निर्माणको भुक्तानी नआएसम्म भूमिगत विद्युतीय लाइन सञ्चालनमा ल्याउँदा पछि कानुनी समस्या पर्न सक्ने भन्दै प्राधिकरणले पहिले विमानस्थलले रकम तिनुपर्ने अडान राख्दै आएको छ । कुँडहरचोकबाट विमानस्थल प्रवेशमार्गसम्मको झण्डै एक किलोमिटर दूरीमा तार भूमिगत गर्नका लागि प्राधिकरणले संरचना निर्माण गरिसकेको छ । सडक आयोजनाका इञ्जिनियर कुँवरले विद्युत् पोलसँगै मापदण्डविपरीतका संरचना शीघ्र हटाउन, खानेपानी पाइप, कटान गरिएका रुखलगायतलाई स्थानान्तरण गर्न सम्बन्धित निकायमा ताकेका गरिएको बताए ।

सडक आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)को निर्माण चालु आवभित्र सक्ने लक्ष्य लिइएकाले मापदण्डविपरीतका संरचना छिटो हटाउनुपर्ने उनको भनाइ छ । उक्त सडकको ठेक्का अवधि तेस्रोपटक थप भई आगामी असार १५ गतेसम्म कायम भएको छ । हालसम्म सडकको भौतिक प्रगति ७७.४७ र वित्तीय प्रगति ६२.२० प्रतिशत पुगेको छ ।

कूल ३८.७१ किलोमिटर दूरीको उक्त खण्डमा हालसम्म ३७.२८ किलोमिटरमा दोस्रो चरणको कालोपत्र भइसकेको छ । कूल ३६.३२ किलोमिटरको सर्विस लेनमा हालसम्म १७.६६ किलोमिटर कालोपत्र भइसकेको इञ्जिनियर कुँवरले जानकारी दिए । वि.सं. २०७८ माघमा ठेक्का भई २०८० वैशाखदेखि निर्माण सुरु भएको विद्युतीय तार भूमिगत गर्ने आयोजनाको भौतिक प्रगति ६७ प्रतिशत पुगेको छ । नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाअन्तर्गत पोखराका मुख्य सहरी क्षेत्रमा विद्युतीय तार भूमिगत गर्न लागिएको हो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रवेशद्वारबाट पृथ्वीचोकको सेती पुलसम्म तार बिछ्याएर घरघरमा विद्युत् वितरणसमेत भइसकेको इञ्जिनियर सुवेदीले बताए । *रासस*

## चन्द्रागिरि इन्भेस्टमेन्ट ग्रुपले 'आइपिओ' निस्कासन गर्ने

**काठमाडौं (प्रस)–** चन्द्रागिरि इन्भेस्टमेन्ट ग्रुप लिमिटेडले सर्वसाधारणका लागि प्राथमिक सेयर (आइपिओ) निस्कासन गर्ने भएको छ ।

कम्पनीको आइतबार सम्पन्न पहिलो साधारणसभाले 'आइपिओ' निस्कासन गर्ने प्रस्ताव पारित गरेको हो । कम्पनीको अधिकृत पुंजी ५० करोड रूपैयाँ रहेको छ । साधारणसभाले चुक्ता पुँजीको चार प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पनि पारित गरेको र छ जना सञ्चालक निर्विरोध चयन गरेको अध्यक्ष राजन श्रेष्ठले जानकारी दिए ।



निर्वाचित हुने सञ्चालकमा राजन श्रेष्ठ, रामराजा आचार्य, प्रकाशमान श्रेष्ठ, धीरेन्द्र श्रेष्ठ, शंकर महर्जन र वीरेन्द्र श्रेष्ठ रहेका छन् । साधारणसभाले अध्यक्ष श्रेष्ठले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनसमेत पारित गरेको छ ।

होल्डिङ कम्पनीका रूपमा रहेको उक्त संस्थाले इन्द्रेणी मसरुम फार्म, द निलय होटल्स लिमिटेड, काउले भाइनियार्ड एग्रो, एभरेस्ट कलर र मेरो किसानलगायत कम्पनीमा लगानी गरेको अध्यक्ष श्रेष्ठले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ